षष्ठी (छठ) व्रतकथा

(नेपाली भाषाटीका)

श्यामसुमणि नेपाल (सुन्धुंना)

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

षष्ठी (छठ) व्रतकथा

(भविष्योत्तरपुराण, स्कन्दपुराण एवं ब्रह्मवैवर्तपुराणमा भएका कथाहरू तथा संक्षिप्त पूजाविधि सहित)

नेपाली भाषाटीका

परामर्श एवं मार्गदर्शन

श्रीविदुर पौडेल

पूर्व उपकुलपति, नेपाल संस्कृत विश्वविद्यालय

नेपाली भाषाटीका तथा सम्पादन

श्याममणि नेपाल(सुदर्शन)

न्याय-सर्वदर्शनाचार्य

सहायक प्राध्यापक, वाल्मीकि विद्यापीठ, काठमाडौं

प्रकाशक

श्रीछठपूजा समिति

गुह्येश्वरी, गौरीघाट, काठमाडौं

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

प्रकाशक : श्री छठपूजा समिति
गुह्येश्वरी, गौरीघाट, काठमाडौं

प्रकाशन मिति : असोज २०६८

प्रकाशन अधिकार : श्री छठपूजा समिति, गुह्येश्वरी, गौरीघाट, काठमाडौं

प्रकाशन प्रति : ५०००/-

कभर डिजाइन/मुद्रण : सुप्रवाह प्रकाशन प्रा. लि., काठमाडौं, ४२८०६१४, ४२७३९८३

मूल्य : रू. १००/-

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

राष्ट्रपतिको कार्यालय

राष्ट्रपति भवन, महाराजगञ्ज
काठमाडौं, नेपाल ।

पत्र संख्या :-
चलानी नं. :-

सम्माननीय राष्ट्रपति डा.रामवरण यादवज्यूको शुभकामना सन्देश

श्री छठ पूजा समिति, गुह्येश्वरी, गौरीघाट, काठमाडौंले षष्ठीदेवी (छठ) व्रतकथा (पूजाविधि सहित) नेपाली भाषाटीका प्रकाशन गर्न लागेकोमा सम्माननीय राष्ट्रपति डा. रामवरण यादवज्यूले खुशी व्यक्त गर्नु भएको छ ।

सम्माननीय राष्ट्रपतिज्यूले विविध जाति भाषा, धर्म, संस्कार र संस्कृतिको देश नेपालमा षष्ठीदेवी (छठ) व्रतकथाको आध्यात्मिक तथा धार्मिक महत्व एवम् यसको शास्त्रीय आधारलाई प्रकाश पार्ने छठ पूजा समितिको प्रयत्नलाई प्रशंसा गर्नुभएको छ । उहाँले षष्ठीदेवी (छठ) व्रतकथालाई श्री श्याममणि नेपाल (सुदर्शन)ले मिहिनेतपूर्वक नेपाली भाषामा अनुवाद गरी सरल रूपमा प्रस्तुत पूजाविधि तथा व्रतकथा सम्पूर्ण श्रद्धालु महानुभावहरुका लागि उपयोगी हुनेछ भन्ने विश्वास व्यक्त गर्नु भएको छ ।

आज्ञाले,

(शान्तिराम शर्मा)
सह-सचिव

मिति २०६८ भाद्र २६ गते सोमवार ।

फोन नं. ०१-४४४६००२, ४४४६००३, ४४४६००४, ४४४६००७, ४४४६००८, ४४४६००९, फ्याक्स नं.९७७-१-४४१६४९५

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

प्रकाशकीय

छठपर्व पौराणिक कालदेखि श्रद्धा, भक्ति तथा शुद्धताकासाथ, मनोकामना पूरागर्ने व्रतका रूपमा मनाइदै आइएको छ। विगत केही दशकदेखि छठ व्रतको व्यापकता दिनानुदिन बढ्दै गइरहेको भए पनि यसको आध्यात्मिक एवं धार्मिक महत्त्व, शास्त्रीय आधार तथा यसको पूजा विधिबारे धेरैजसो श्रद्धालु तथा भक्तजनहरूमा स्पष्टताको आवश्यकतालाई महशुस गरी पूजाविधि, अर्घ्य अर्पण विधि एवं व्रत समापन विधिलाई समेत नेपाली भाषामा अनुवाद गरी यो पुस्तक प्रकाशन गरिएको छ।

विगत वर्षहरूदेखि नै महामहिम राष्ट्रपति डा. रामवरण यादवज्यूको छठपूजामा प्रत्यक्ष सहभागिताले यसको गरिमालाई अझ उजागर गरेको छ। यस पुस्तकबारे मन्तव्य व्यक्त गरिदिनुभएकोमा महामहिम प्रति हार्दिक कृतज्ञता व्यक्त गर्दछौँ।

यो पुस्तक तयार गर्दा सन्दर्भ, भाषा तथा सम्पादनमा मार्गदर्शन गर्नुहुने श्री विदुर पौडेलज्यू प्रति हार्दिक कृतज्ञता व्यक्त गर्दछौँ। त्यसैगरी यस व्रतकथालाई अनुवाद तथा सम्पादन गरिदिनु भएकोमा श्री श्याममणि नेपाल (सुदर्शन) प्रति धन्यवाद ज्ञापन गर्दछौँ। साथै यस नेपाली भाषाटीकाको प्रकाशनमा योगदान गर्नुहुने यस छठपूजा समितिका सल्लाहकारज्यूहरू लगायत सम्बन्धित सबैलाई हार्दिक धन्यवाद दिन चाहन्छौँ।

यस पुस्तकलाई अझ परिमार्जित तथा परिष्कृत बनाउन आगामी दिनमा यहाँहरू सबैको आवश्यक राय सुझाव प्राप्त हुनेछ भन्ने अपेक्षा गर्दछौँ।

श्री छठपूजा समिति
गुह्येश्वरी, गौरीघाट

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

भूमिका

संसारभरका श्रद्धालु भक्तहरूले कार्तिक शुक्लपक्ष षष्ठी तिथिका दिन गर्ने अत्यन्त महान् व्रत हो षष्ठीव्रत। जसलाई सामान्य जनभाषामा 'छठव्रत' भनिन्छ। जसरी श्रीस्वस्थानीदेवीको व्रतकथा पहिले पहाडी मूलका नेपालीहरूले मात्र गर्दथे तर पछि तराई-मधेश मूलका नरनारीहरूले पनि श्रद्धा-भक्तिका साथ गर्न थाले त्यसैगरी पहिले प्रायः मिथिला एवं भोजपुरा क्षेत्रका नरनारीहरूले मात्र गर्ने गरेको यो व्रत अहिले सबै श्रद्धालु नेपालीहरूले उतिनै श्रद्धाभक्तिका साथ गर्न थालेको पाइन्छ। अतः यस छठव्रत पर्वले सामाजिक सद्भावमा ठूलो योगदान गरेको छ। यो व्रत कुनै काल्पनिक ऐतिह्य वा लोकोक्ति मात्र नभएर शास्त्रीय एवं अत्यन्त प्रामाणिक व्रत हो भन्ने कुरा विभिन्न पुराणहरूमा यसका कथा-महात्म्यहरू उपलब्ध हुनुले पुष्टि हुन्छ। आज यो व्रतको व्यापकता बढ्दै गए पनि यसको आध्यात्मिक एवं धार्मिक महत्त्व तथा शास्त्रीय आधार के हो भन्ने कुरा कतिपयलाई स्पष्ट भएको पाईंदैन। अतः यसको शास्त्रीय प्रमाण एवं महत्त्व प्रकाश पार्नुपर्छ भनी श्रीछठपूजा समिति, गुह्येश्वरी काठमाडौंले आदरणीय गुरु श्रीविदुर पौडेलज्यूका परामर्श अनुसार विभिन्न पुराणमा उल्लेख भएका तीनओटा कथाहरू उपलब्ध गराएको हो। यसरी उपब्धभएका पौराणिक कथाहरूकासाथै सरल पूजाविधि समेतलाई नेपाली भाषामा अनुवाद गरी यो पुस्तक तयार गरिएको छ। सबै सर्वसाधारण नेपालीहरूले श्रीसत्यनारायण व्रतकथा एवं श्रीस्वस्थानी व्रतकथालाईभैं यस व्रतकथालाई पनि सजिलै पढ्न एवं बुझ्न सकून् भन्ने उद्देश्यले यसलाई सरल नेपाली भाषामा प्रस्तुत गरिएको हो। यसबाट सम्पूर्ण नेपालीभाषी श्रद्धालुहरू लाभान्वित हुनुहुनेछ भन्ने विश्वास छ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

कार्तिक शुक्लपक्ष षष्ठी तिथिका दिन विशेष व्रतपूजा गरिए पनि बालक जन्मेको छैठौँ दिनमा बालकको भाग्य एवं आयु निर्धारण गर्ने पनि यिनै देवी हुन् अतः त्यस दिन तथा छैठौँ महिनामा अन्नप्राशन(पास्नी)मा पनि यिनै षष्ठीदेवीको पूजा गरिन्छ त्यसैले यिनै देवीलाई बालाधिष्ठात्री तथा बालरक्षाकारिणी पनि भनिन्छ । प्रकृतिकी षष्ठ (छैठौँ) अंश (कला) भएकी हुनाले यिनलाई षष्ठी (छैठी) देवी भनिएको हो । योगसिद्धा, ब्रह्माकी मानसी पुत्री यी देवी भगवान् विष्णुकी माया हुन् तथा यिनी नै देवताहरूका सेनापति स्कन्दकी पत्नी हुन् भन्ने पनि ब्रह्मवैवर्त पुराणमा उल्लेख भएको षष्ठीदेवी महात्म्यबाट प्रमाणित हुन्छ ।

षष्ठांशा प्रकृतेर्या च सा च षष्ठी प्रकीर्तिता । बालकाधिष्ठातृदेवी विष्णुमाया च बालदा ॥४॥
मातृकासु च विख्याता देवसेनाभिधा च सा । प्राणाधिकप्रिया साध्वी स्कन्दभार्या च सुव्रता ॥५॥
आयुःप्रदा च बालानां धात्री रक्षणकारिणी । सन्ततं शिशुपार्श्वस्था योगेन सिद्धियोगिनी ॥६॥
ब्रह्मणो मानसी कन्या देवसेनाऽहमीश्वरी । सृष्ट्वा मां मनसो धाता ददौ स्कन्दाय भूमिपः ॥२५॥
मातृकासु च विख्याता स्कन्दसेना च सुव्रता । विश्वे षष्ठीति विख्याता षष्ठांशा प्रकृतेर्यतः ॥२६॥

(ब्रह्मवैवर्तोक्तं षष्ठीदेवीव्रतमहात्म्यम्)

कार्तिक शुक्लपक्ष षष्ठी तिथिका दिन व्रत बसी षष्ठीदेवी र भगवान् सूर्यको पूजा गरी त्यस दिन साँझमा र सप्तमीको दिन बिहान संज्ञासहित भगवान् सूर्यलाई अर्घ्य दिनुपर्छ भन्ने पनि भविष्योत्तरपुराणमा उल्लेख भएको महात्म्यबाट प्रमाणित हुन्छ । रवि(सूर्य)सहित षष्ठी देवीको व्रत हुने हुनाले यो व्रतलाई रविषष्ठी व्रत पनि भनिन्छ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

कार्तिकस्य सिते पक्षे षष्ठी वै सप्तमीयुता । तत्र व्रतं प्रकुर्वीत सर्वकामार्थसिद्धये ॥५०॥
पञ्चम्यां नियमं कृत्वा व्रतं कृत्वा विधानतः । एकाहारं हविष्यस्य भूमौ शय्यां प्रकल्पयेत् ॥५१॥
षष्ठ्यामुपोषणं कुर्याद्रात्रौ जागरणं चरेत् । मण्डपञ्च चतुवर्णं पूजयेद्दिननायकम् ॥५२॥
नानाफलैस्सनैवेद्यैः पक्वान्नाद्यैः प्रपूजयेत् । उत्सवं गीतवाद्यादि कर्तव्यं सूर्यप्रीतये ॥५३॥
तावदुपोषणं कुर्यात् यावत्सूर्यस्य दर्शनम् । सप्तम्यामुदितं सूर्यं दद्यादर्घ्यं विधानतः ॥५४॥

(रविषष्ठीव्रतकथा)

यो व्रत र पूजा पनि सबैले विधिपूर्वक गर्न सकियोस् भनी यस पुस्तकमा संक्षिप्त पूजाविधि, अर्घ्यदानविधि एवं व्रत समापनविधि पनि नेपालीमा अर्थसहित राखिएको छ । अतः यो पुस्तक सबै श्रद्धालुहरूका लागि उपयोगी हुनेछ भन्ने विश्वास छ ।

यस कार्यलाई महत्त्व दिई खोजिनीति गरी प्रकाशनको व्ययभार समेंत वहन गर्नुहुने श्रीछठपूजा समिति, गुह्येश्वरी काठमाडौंका सम्पूर्ण सदस्यहरू धन्यवादका पात्र हुनुहुन्छ । उहाँहरू सबैलाई श्रीषष्ठीदेवीको कृपा सदैव प्राप्तहोस् भन्ने कामना गर्दछु । यस महान् व्रतकथालाई नेपाली भाषामा अनुवाद गर्ने अवसर दिई सधैं परामर्श एवं मार्गदर्शन गर्नुहुने आदरणीय गुरु श्रीविदुर पौडेलज्यू प्रति कृतज्ञता ज्ञापन गर्दछु । अन्त्यमा यस पुस्तकका बारेमा आवश्यक सल्लाह सुझाव दिनुभए आगामी संस्करणमा सुधार गर्ने प्रयास गर्नेछु ।

॥ हरिः ॐ तत्सत् ॥

- श्याममणि नेपाल (सुदर्शन)
अनुवादक तथा सम्पादक

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

विषयसूची

विषय	पृष्ठ संख्या
मन्तव्य	क
प्रकाशकीय	ख
भूमिका	ग
प्रतिहारषष्ठी (छठ) निर्णयः	१
अथ षष्ठीदेवी–षोडशोपचारपूजनविधिः	२
अथ रविषष्ठीव्रतकथा	१३
अथ प्रतिहारषष्ठीव्रतकथा	२७
अथ ब्रह्मवैवर्तोक्तं षष्ठीदेवी–व्रतपूजामाहात्म्यम्	३७

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

अथ प्रतिहारषष्ठी (छठ) निर्णयः

कार्तिकशुक्लषष्ठी सप्तमीयुतैव ग्राह्या ।
कार्तिक शुक्ल षष्ठी सप्तमीसहितको नै ग्रहण गर्नुपर्छ ।

नागविद्धा न कर्तव्या षष्ठी चैव कदाचन ।
सप्तमीसंयुता कार्या षष्ठी सर्वार्थचिन्तकैः ॥ (स्कन्दपुराण)

अर्थात् पञ्चमीसहितको षष्ठी व्रत कहिल्यै गर्नु हुँदैन, सम्पूर्ण मनकामना पूरा गर्नका लागि सप्तमी सहितको षष्ठी व्रत गर्नु पर्छ । अर्थात् सूर्योदय पञ्चमीमा भएर केही क्षणपछिदेखि दिनभर षष्ठी छ भने पनि त्यो दिन षष्ठीव्रत गर्नु हुँदैन र सूर्योदय षष्ठीमा भएर पछि सप्तमी हुन्छ भने त्यो दिन मात्र षष्ठी व्रत गर्नु पर्छ ।
त्यस्तै विष्णुधर्मोत्तरमा पनि

एकादश्यष्टमी षष्ठी पौर्णमासी चतुर्दशी ।
अमावश्या तृतीया च समुपोष्याः परान्विताः । (विष्णुधर्मोत्तर)

अर्थात् एकादशी, अष्टमी, षष्ठी, पूर्णिमा, चतुर्दशी, औंशी र तृतीया यी तिथिहरूमा पछिल्लो तिथिसहित भएका अवस्थामा मात्र व्रत गर्नुपर्दछ ।

पुनश्च
नागविद्धा तु या षष्ठी सप्तम्या च तथाष्टमी ।
दशम्येकादशीविद्धा न ग्राह्या मुनिपुङ्गवैः ॥

अर्थात् पञ्चमीले छोएको षष्ठी, सप्तमीले छोएको अष्टमी र दशमीले छोएको एकादशी व्रतका लागि ग्रहण हुँदैन ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

अथ षष्ठीदेवी–षोडशोपचारपूजनविधिः

सबैभन्दा पहिले चन्दन, अक्षता, फूल, तिल, जौ, कुश, जल, धूप, दीप, विभिन्न प्रकारका पक्वान्न नैवेद्यहरू, फलफूल आदि यथाशक्ति पूजा सामग्री तयार गरी शुद्ध आसनमा बसी एकाग्रचित्त भई आचमन–प्राणायाम गरेर काँश वा पित्तलको थालीमा चन्दनले अष्टदल कमल बनाई त्यसको बीचमा द्वादश (१२) आदित्यका साथै षष्ठी देवीको तल बताइएको विधिले पूजा गर्नु।

प्रारम्भमा चन्दन अक्षता तिल जौ कुश र द्रव्य हातमा लिई तलको वाक्य पढी संकल्प गर्नु।

संकल्प वाक्य –

ॐ अद्य ममेह जन्मनि सर्वापच्छान्तिपूर्वकदीर्घायुर्विपुलपुत्रपौत्राद्यवच्छिन्नसन्ततिवृद्धिस्थिरलक्ष्मीकीर्तिलाभशत्रुपराजयप्रमुखचतुर्विधपुरुषार्थसिद्धचर्थं श्रीषष्ठीदेव्याः पूजनमहं करिष्ये।

त्यसपछि दीप कलश तथा गणेशको यथाविधि पूजा गरेर अष्टदलको वरिपरि द्वादश (१२) आदित्यको पूजा गरी बीचमा श्रीषष्ठीदेवीको पूजा गर्नु।

स्वागतम् – (तलको श्लोकले स्वागत गर्नु)

स्वागतं ते महाभागे प्रसीद सर्वमङ्गले। पूजां गृहाण विविधां सर्वकल्याणकारिणि॥

ॐ ह्रीं षष्ठीदेव्यै स्वाहा, स्वागतं करोमि।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

आवाहनम् – (तलको श्लोकले आवाहन गर्नु)

आगच्छ वरदे देवि सर्वदानवभञ्जिनि । पूजां गृहाण सुमुखि नमस्ते वरदे शुभे ॥
ॐ ह्रीं षष्ठीदेव्यै स्वाहा, आवाहनं करोमि ।

आसनम् – (तलको श्लोकले फूलको अथवा कुशको आसन राख्नु)
अनेकरत्नसंयुक्तं नानामणिगणान्वितम् । कार्तस्वरमयं दिव्यमासनं प्रतिगृह्यताम् ॥
ॐ ह्रीं षष्ठीदेव्यै स्वाहा, आसनं समर्पयामि ।

पाद्यम् – (तलको श्लोकले पाउ धुन जल चढाउनु)
गङ्गादिसर्वतीर्थेभ्यो मया प्रार्थनयाहृतम् । तोयमेतत् सुखस्पर्शं पाद्यार्थं प्रतिगृह्यताम् ॥
ॐ ह्रीं षष्ठीदेव्यै स्वाहा, पाद्यं समर्पयामि ।

अर्घ्यम् – (तलको श्लोकले हात धुन जल चढाउनु)
गन्धपुष्पाक्षतैर्युक्तमर्घ्यं सम्पादितं मया । गृहाण त्वं महादेवि प्रसन्ना भव सर्वदा ॥
ॐ ह्रीं षष्ठीदेव्यै स्वाहा, अर्घ्यं समर्पयामि ।

आचमनम् – (तलको श्लोकले आचमन गर्न जल चढाउनु)
आचम्यतां त्वया देवि भक्तिं मे ह्यचलां कुरु । ईप्सितं मे वरं देहि परत्र च परां गतिम् ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

ॐ ह्रीं षष्ठीदेव्यै स्वाहा, आचमनीयं जलं समर्पयामि ।

स्नानम् – (तलको श्लोकले स्नान गर्न जल चढाउनु)
जाह्नवीतोयमानीतं शुभं कर्पूरसंयुतम् । स्नापयामि सुरश्रेष्ठे त्वां पुत्रादिफलप्रदाम् ॥
ॐ ह्रीं षष्ठीदेव्यै स्वाहा, स्नानीयं जलं समर्पयामि ।

पञ्चामृतम्– (तलको श्लोकले पञ्चामृत चढाउनु)
पयो दधि घृतं क्षौद्रं शितया च समन्वितम् । पञ्चामृतमनेनाद्य कुरु स्नानं महेश्वरि ॥
ॐ ह्रीं षष्ठीदेव्यै स्वाहा, पञ्चामृतं समर्पयामि ।

शुद्धोदकम् – (तलको श्लोकले शुद्धजलले स्नान गराउनु)
परमानन्दबोधाब्धिनिमग्ननिजमूर्तये । साङ्गोपाङ्गमिदं स्नानं कल्पयामि सुरेश्वरि ॥
ॐ ह्रीं षष्ठीदेव्यै स्वाहा, शुद्धोदकस्नानं समर्पयामि ।

वस्त्रम् – (तलको श्लोकले वस्त्र चढाउनु)
वस्त्रञ्च सोमदैवत्यं लज्जायास्तु निवारणम् । मया निवेदितं भक्त्या गृहाण परमेश्वरि ॥
ॐ ह्रीं षष्ठीदेव्यै स्वाहा, वस्त्रं समर्पयामि ।

उपवस्त्रम् – (तलको श्लोकले उपवस्त्र चढाउनु)
यामाश्रित्य महामाया जगत्संमोहिनी सदा । तस्यै ते परमेशायै कल्पयाम्युत्तरीयकम् ॥

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

ॐ ह्रीं षष्ठीदेव्यै स्वाहा, उपवस्त्रं समर्पयामि ।

मधुपर्कम् – (तलको श्लोकले मधुपर्क चढाउनु)
दधिमध्वाज्यसंयुक्तं पात्रयुग्मसमन्वितम् । मधुपर्कं गृहाण त्वं वरदा भव शोभने ॥
ॐ ह्रीं षष्ठीदेव्यै स्वाहा, मधुपर्कं समर्पयामि ।

गन्धम् – (तलको श्लोकले चन्दन चढाउनु)
परमानन्दसौभाग्यपरिपूर्णदिगन्तरे । गृहाण परमं गन्धं कृपया परमेश्वरि ॥
ॐ ह्रीं षष्ठीदेव्यै स्वाहा, चन्दनं समर्पयामि ।

कुङ्कुमम् – (तलको श्लोकले कुङ्कुम चढाउनु)
कुङ्कुमं कान्तिदं दिव्यं कामिनीकामसम्भवम् । कुङ्कुमेनार्चिते देवि प्रसीद परमेश्वरि ॥
ॐ ह्रीं षष्ठीदेव्यै स्वाहा, कुङ्कुमं समर्पयामि ।

आभूषणम् – (तलको श्लोकले शृङ्गार सामग्री चढाउनु)
हारकङ्कणकेयूरमेखलाकुण्डलादिकम् । रत्नाढ्यं कुण्डलोपेतं भूषणं प्रतिगृह्यताम् ॥
ॐ ह्रीं षष्ठीदेव्यै स्वाहा, आभूषणं समर्पयामि ।

सिन्दूरम् – (तलको श्लोकले सिन्दूर चढाउनु)
सिन्दूरमरुणाभासं जपाकुसुमसन्निभम् । पूजिताऽसि मया देवि प्रसीद परमेश्वरि ॥

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

ॐ ह्रीं षष्ठीदेव्यै स्वाहा, सिन्दूरं समर्पयामि ।

कज्जलम् – (तलको श्लोकले गाजल चढाउनु)
चक्षुर्भ्यां कज्जलं रम्यं सुभगे शान्तिकारिके । कर्पूरज्योतिरुत्पन्नं गृहाण परमेश्वरि ॥
ॐ ह्रीं षष्ठीदेव्यै स्वाहा, कज्जलं समर्पयामि ।

सौभाग्यम् – (तलको श्लोकले सौभाग्यका सामग्रीहरू चढाउनु)
सौभाग्यसूत्रं वरदे सुवर्णमणिसंयुते । कण्ठे बध्नामि देवेशि सौभाग्यं देहि मे सदा ॥
ॐ ह्रीं षष्ठीदेव्यै स्वाहा, सौभाग्यद्रव्यं समर्पयामि ।

सुगन्धितैलम् – (तलको श्लोकले सुगन्धी तेल चढाउनु)
चन्दनागरुकर्पूरकुङ्कुमं रोचनं तथा । कस्तूर्यादिसुगन्धांश्च सर्वाङ्गेषु विलेपनम् ॥
ॐ ह्रीं षष्ठीदेव्यै स्वाहा, सुगन्धितैलं समर्पयामि ।

अक्षताः – (तलको श्लोकले अक्षता चढाउनु)
रञ्जिताः कुङ्कुमौघेन अक्षताश्चातिशोभनाः । ममैषां देवि दानेन प्रसन्ना भव शोभने ॥
ॐ ह्रीं षष्ठीदेव्यै स्वाहा, अक्षताः समर्पयामि ।

पुष्पम् – (तलको श्लोकले फूल चढाउनु)
चलत्परिमलामोदमत्तालिगणसङ्कुलम् । आनन्दनन्दनोद्भूतं भद्रायै कुसुमं नमः ॥

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

ॐ ह्रीं षष्ठीदेव्यै स्वाहा, पुष्पं समर्पयामि ।

पुष्पमाला – (तलको श्लोकले माला चढाउनु)
सुरभिपुष्पनिचयैः ग्रथितां शुभमालिकाम् । ददामि तव शोभार्थं गृहाण परमेश्वरि ॥
ॐ ह्रीं षष्ठीदेव्यै स्वाहा, पुष्पमालां समर्पयामि ।

बिल्वपत्रम् – (तलको श्लोकले बेलपत्र चढाउनु)
अमृतोद्भवः श्रीवृक्षो महादेवीप्रियः सदा । बिल्वपत्रं प्रयच्छामि पवित्रं ते सुरेश्वरि ॥
ॐ ह्रीं षष्ठीदेव्यै स्वाहा, बिल्वपत्रं समर्पयामि ।

धूपम् – (तलको श्लोकले धूप घुमाउनु)
दशाङ्गं गुग्गुलं धूपं चन्दनागरुसंयुतम् । समर्पितं मया भक्त्या महादेवि प्रगृह्यताम् ॥
ॐ ह्रीं षष्ठीदेव्यै स्वाहा, धूपम् आघ्रापयामि ।

दीपम् – (तलको श्लोकले वत्ती बाल्नु)
घृतवर्तिसमायुक्तं महातेजो महोज्ज्वलम् । दीपं दास्यामि देवेशि सुप्रीता भव सर्वदा ॥
ॐ ह्रीं षष्ठीदेव्यै स्वाहा, दीपं सन्दर्शयामि ।

नैवेद्यम् – (तलको श्लोकले नैवेद्य चढाउनु)
अन्नं चतुर्विधं स्वादु रसैः षड्भिस्समन्वितम् । नैवेद्यं गृह्यतां देवि भक्तिं मे ह्यचलां कुरु ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

ॐ ह्रीं षष्ठीदेव्यै स्वाहा, नैवेद्यं निवेदयामि ।

फलानि – (तलको श्लोकले फलहरू चढाउनु)

फलमूलानि सर्वाणि ग्राम्यारण्यानि यानि च । नानाविधसुगन्धीनि गृह्ण देवि ममाचिरम् ॥

ॐ ह्रीं षष्ठीदेव्यै स्वाहा, फलानि समर्पयामि ।

आचमनम् – (तलको श्लोकले चुठाउन जल चढाउनु)

महादेवि नमस्तुभ्यं कुर्वाचमनमम्बिके । निरन्तरमहं वन्दे चरणौ तव मङ्गले ॥

ॐ श्रीषष्ठीदेव्यै नमः, आचमनीयजलं समर्पयामि ।

ताम्बूलम् – (तलको श्लोकले पान-सुपारी चढाउनु)

एलालवङ्गकस्तूरीकपूरैः पुष्पवासिताम् । वीटिकां मुखवासार्थमर्पयामि सुरेश्वरि ॥

ॐ ह्रीं षष्ठीदेव्यै स्वाहा, ताम्बूलं समर्पयामि ।

दक्षिणा – (तलको श्लोकले दक्षिणा चढाउनु)

पूजाफलसमृद्धचर्थं तवाग्रे स्वर्णमीश्वरि । स्थापितं तेन मे प्रीता पूर्णान् कुरु मनोरथान् ॥

ॐ ह्रीं षष्ठीदेव्यै स्वाहा, दक्षिणां समर्पयामि ।

प्रार्थना – (तलको श्लोकले प्रार्थना गर्नु)

सर्वस्वरूपे सर्वेशे सर्वशक्तिस्वरूपिणि । पूजां गृहाण कौमारि जगन्मातर्नमोऽस्तु ते ॥

ॐ ह्रीं षष्ठीदेव्यै स्वाहा, प्रार्थनां समर्पयामि ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

आरार्तिकम् – (तलको श्लोकले आरती गर्नु)
नीराजनं सुमाङ्गल्यं कर्पूरेण समन्वितम् । चन्द्रार्कवह्निसदृशं महादेवि नमोऽस्तु ते ॥
ॐ ह्रीं षष्ठीदेव्यै स्वाहा, आरार्तिक्यं समर्पयामि ।

पुष्पाञ्जलिः – (तलका श्लोकहरूले पुष्पाञ्जलि गर्नु)
चण्डिके त्वं महामाये सर्वशक्तिस्वरूपिणि । त्वं काली कमला ब्राह्मी त्वं जया विजया शिवा ॥
त्वं लक्ष्मीः विष्णुलोकेषु कैलासे पार्वती तथा । सरस्वती ब्रह्मलोके चेन्द्राणी शक्रपूजिता ॥
वाराही नारसिंही च कौमारी वैष्णवी तथा । त्वमापः सर्वलोकेषु ज्योतिस्त्वं ज्योतिरूपिणी ॥
योगमाया त्वमेवाऽसि वायुरूपा नभस्थिता । सर्वगन्धावहा पृथ्वी नानारूपा सनातनी ॥
विश्वरूपे च विश्वेशि विश्वशक्तिसमन्विते । प्रसीद परमानन्दे महादेवि नमोऽस्तु ते ॥
नानापुष्पसमाकीर्णं नानासौरभसंयुतम् । पुष्पाञ्जलिं च विश्वेशि गृहाण भक्तवत्सले ॥
ॐ ह्रीं षष्ठीदेव्यै स्वाहा, पुष्पाञ्जलिं समर्पयामि ।

प्रदक्षिणा – (तलको श्लोकले प्रदक्षिणा गर्नु)
नमस्ते देवि देवेशि नमस्ते ईप्सितप्रदे । नमस्ते जगतां धात्रि नमस्ते भक्तवत्सले ॥
ॐ ह्रीं षष्ठीदेव्यै स्वाहा, प्रदक्षिणां समर्पयामि ।

दण्डवत् प्रणामः – (तलको श्लोकले साष्टाङ्ग गर्नु)
नमः सर्वहितार्थायै जगदाधारहेतवे । साष्टाङ्गोऽयं प्रणामस्तु प्रयत्नेन मया कृतः ॥
ॐ ह्रीं षष्ठीदेव्यै स्वाहा, साष्टाङ्गं समर्पयामि ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

प्रार्थना – (तलको श्लोकले प्रार्थना गर्नु)

धर्मान् देहि धनं देहि सौभाग्यं देहि मङ्गले । अन्यांश्च सर्वकामांश्च देहि देवि नमोऽस्तु ते ॥

ॐ ह्रीं षष्ठीदेव्यै स्वाहा, प्रार्थनां समर्पयामि ।

अर्घ्यदानविधिः

तत्र कृतनित्यक्रिया सरित्तटमागत्य सायंकाले सूर्याभिमुखी कुशत्रयतिलजलान्यादाय –

(यसरी पूजा गरेर साँझमा नदीको किनारमा गएर अस्ताउन लागेका सूर्यनारायणलाई अर्घ्य दिनु । अर्घ्य दिन हातमा तीन टुक्रा कुश, तिल र जल लिएर तलको वाक्यले सङ्कल्प गर्नु ।)

सङ्कल्प वाक्य-**नमोऽद्य कार्तिकमासीयशुक्लपक्षीयषष्ठ्यां तिथौ (अमुक) गोत्राया मम (अमुकी) देव्या इह जन्मनि जन्मान्तरे वा सकलदुःखदारिद्रचसकलपातकक्षयापस्मारकुष्ठादिमहाव्याधिसकलरोगक्षयचिरजीविपुत्रपौत्रादिलाभगोधनधान्यदिसमृद्धि सुख- सौभाग्याऽवैधव्यसकलकामावाप्तिकामा अद्य श्वश्च सूर्यायार्घ्यमहं दास्ये ।**

इति सङ्कल्प्य (यसरी सङ्कल्प गरेर तलको वाक्यले भगवान् सूर्यलाई आवाहन गर्नु)

नमो भगवन् सूर्य इहागच्छ इह तिष्ठ ।

इत्यावाह्य नानाफलदूर्वारक्तचन्दनाक्षतघृतपाचितान्नयुतताम्रपात्रस्थार्घ्यमादाय

(यसरी आवाहन गरेर फल, दूवो, रक्त चन्दन, अक्षता, घिउमा पकाएको प्रसाद सहितको अर्घ्य तामाको पात्रमा राखेर तलको मन्त्रले भगवान् सूर्यलाई अर्घ्य दिनु) ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

मन्त्र-

नमोऽस्तु सूर्याय सहस्रभानवे, नमोऽस्तु वैश्वानरजातवेदसे ।
त्वमेव चार्घ्यं प्रति गृह्ण गृह्ण, देवाधिदेवाय नमो नमस्ते ॥
नमो भगवते तुभ्यं नमस्ते जातवेदसे । दत्तमर्घ्यं मया भानो त्वं गृहाण नमोऽस्तु ते ॥
ज्योतिर्मय विभो सूर्य तेजोराशे जगत्पते । अनुकम्पय मां भक्त्या गृहाणार्घ्यं दिवाकर ॥
एहि सूर्य सहस्रांशो तेजोराशे जगत्पते । अनुकम्पय मां भक्त्या गृहाणार्घ्यं दिवाकर ॥

एतान्मन्त्रान् समुच्चार्य उत्तिष्ठन्ती प्रदक्षिणां कृत्वा प्रणमेदेभिः
यी मन्त्रहरूले अर्घ्य दिएर उठेर प्रदक्षिणा गर्नु र तलका श्लोकले प्रणाम गर्नु ।-
जपाकुसुमसंकाशं काश्यपेयं महाद्युतिम् । ध्वान्तारिं सर्वपापघ्नं प्रणतोस्मि दिवाकरम् ॥

इति प्रणम्य तत्तडल्लकं सूर्याय समर्प्य कथां श्रृणुयात् ।
यसरी प्रणाम गरेर कथा सुन्नु र त्यसपछि भोलिपल्ट बिहान पुनः नदी किनारमा गएर माथि बताएको विधिले नै उदाउँदै गरेका सूर्यलाई अर्घ्य दिनु ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

अथ विसर्जनम्

ततः कुशत्रयतिलान्यादाय सङ्कल्प्य ब्राह्मणाय दक्षिणां दत्त्वा विसर्जयेत् । ततः सूर्यं प्रणम्य पारणां कुर्यात् ॥
त्यसपछि कुश तिल जल लिएर तलको वाक्यले संकल्प गरी ब्राह्मणलाई दक्षिणा दिएर विसर्जन गर्नु । अनि भगवान् सूर्यलाई प्रणाम गरी आफूले प्रसाद लिई व्रत समाप्त गर्नु ।

संकल्प- **"नमोऽद्य कृतैतत्प्रतिहारषष्ठीव्रतकरणतत्कथाश्रवणकर्मप्रतिष्ठार्थमेतावद्द्रव्यमूल्यकहिरण्यमग्निदैवतं यथानामगोत्राय ब्राह्मणाय दक्षिणामहं ददे" ।**

विसर्जनम् – (तलको श्लोकले विसर्जन गर्नु)
इमां पूजां मया देवि यथाशक्त्योपपादिताम् । रक्षणार्थं समादाय व्रज त्वं स्थानमुत्तमम् ॥

॥ इति षष्ठीदेवीषोडशोपचारपूजनविधिः ॥

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

अथ रविषष्ठी - व्रतकथा

तलको श्लोकले प्रार्थना गरेर कथा सुन्नु

व्रध्नाय च नमस्तुभ्यं नमस्ते मिहिराय च । आरोग्यं मे सदा देहि पूजितोऽसि महाप्रभो ॥ १ ॥

॥ अथ कथा ॥

जनमेजय उवाच

एवं द्यूतजिताः पार्थाः कोपिताश्चदुरात्मभिः । प्रेषिता वनवासाय किमकुर्वन्त पाण्डवाः ॥२॥

वैशम्पायन उवाच

वनवासाय ते गत्वा दुःखिताः पाण्डुनन्दनाः । दुःखसंविग्नमनसा वने वासमकल्पयन् ॥३॥

वन्यं फलञ्च भुञ्जानाः सज्जनाः पृथिवीतले । वल्कलञ्च वासनास्ते निन्युर्दुःखेन वासरान् ॥४॥

राजोपभोगयोग्या च राजकन्या पतिव्रता । पतिभिस्सह सा दुःखं जगाम गजगामिनी ॥५॥

तत्राजग्मुर्महाभागा ब्राह्मणा वेदपारगाः । अष्टाशीतिसहस्राणां मुनीनामूर्ध्वरेतसाम् ॥६॥

तेषां तु भोजनार्थाय राजा चिन्तापरोऽभवत् । धर्मपुत्रो महाभागश्चिन्ताकुलितलोचनः ॥७॥

किं भोजयामि विप्रेभ्यः सविग्नमानसोऽभवत् । स्वामिनं दुःखितं दृष्ट्वा स्वयं दुःखेन पीडिता ॥८॥

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

जनमेजय वैशम्पायनसंग सोध्नुहुन्छ –हे ऋषि श्रेष्ठ वैशम्पायन ! दुष्ट दुर्योधन आदि कौरवहरूद्वारा कष्टपूर्ण तरिकाले जुवामा पराजित गरी भयङ्कर वनवासमा पठाइएका कुन्तीपुत्र पाण्डवहरूले के गरे ? ॥२॥ वैशम्पायन भन्नुहुन्छ – हे जनमेजय ! वनवासमा गएका ती दुःखी पाण्डुपुत्रहरूले अत्यन्त चिन्तित हुदै जंगलमा आफ्ना लागि वासस्थान बनाए ॥३॥ जंगलमा भएका फलफूल खाँदै ती सज्जन पाण्डवहरूले भोजपत्रको वस्त्र लगाएर नै आफ्ना दिनहरू बिताउदै गए ॥४॥ राजदरवारका विशिष्ट वस्तुहरू उपभोग गर्ने, हात्तीको जस्तो हिँडाइ भएकी, राजाकी छोरी, पतिव्रता द्रौपदीले पनि आफ्ना पतिहरूका साथ धेरै दुःख पाइन् ॥५॥ पाण्डवहरू दुःखका साथ बसेका त्यस ठाउँमा वेद पाठ गर्ने, तेजस्वी, अठासी हजार ऋषिहरू आए ॥६॥ ती ऋषिहरूको भोजनको व्यवस्था गर्न धर्मराज युधिष्ठिर अत्यन्त चिन्तित हुनुभयो ॥७॥ ब्राह्मणहरूलाई के भोजन गराऊँ भनेर चिन्तित भएका आफ्ना पति युधिष्ठिरलाई देखेर द्रौपदी पनि अत्यन्त दुःखी भइन् ॥८॥

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

उपभोग्यन्तु पप्रच्छ द्रौपदी स्वपुरोहितम् । धौम्यं वनं सुखासीनं नत्वा कृत्वा प्रदक्षिणाम् ॥९॥
वाक्येन गद्गदं वाक्यमश्रुपूर्णाकुलेक्षणा ।
द्रौपद्युवाच
धौम्य धौम्य महाभाग दुःखिताः पाण्डुनन्दनाः ॥१०॥
दृष्ट्वा न दूयते स्वामिन् कृपया तव मानसम् । तद्ब्रूहि येन दुःखानि क्षयं यान्ति व्रतेन च ॥११॥
अल्पायासं महापुण्यं सद्यः प्रत्यक्षकारकम् । स्वामिनो मे महभाग सुखिनः पृथिवीतले ॥१२॥
भवन्तु शत्रवो नष्टाः स्वराज्यं लभ्यते मया । इदानीं ब्राह्मणेभ्यस्तु दुग्धाहारमकल्पयत् ॥१३॥
तदुपायं महाभाग कथयस्व महाविभो ।
वैशम्पायन उवाच
एवं पृष्टस्तुपाञ्चाल्या धौम्यो ब्राह्मणपुंगवः ॥१४॥
मुहूर्तमात्रं स मुनिर्ध्यानस्तिमितलोचनः । ध्याने दृष्ट्वा व्रतं धौम्यो द्रौपदीमब्रवीद् वचः ॥१५॥
धौम्य उवाच
श्रृणु पाञ्चालपुत्रि त्वं व्रतानां व्रतमुत्तमम् । सुकन्यया पुराचीर्णं नागकन्योपदेशतः ॥१६॥

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

कुलधर्म पालन गर्ने ती द्रौपदीले त्यसपछि वनमा आनन्दले रहेका आफ्ना पुरोहित महामुनि धौम्यका नजिक गई उनलाई प्रदक्षिणा एवं नमस्कार गरेर आँखाभरी आँसु बनाउँदै प्रार्थना गर्दै भनिन् – हे महामुनि धौम्य ! पाण्डुपुत्रहरू अत्यन्त दुःखी भएका छन् ॥९,१०॥ हे स्वामी ! ती पाण्डवहरूलाई देखेर मायाले तपाईंको मन दुःखी हुँदैन ? हे मुनि ! जुन व्रत गर्नाले यी सबै कष्टहरू नाश हुन्छन्, त्यो व्रत बताउनुहोस् ॥११॥ सजिलै गर्न सकिने, ठूलो पुण्य प्राप्त हुने, तत्काल प्रत्यक्ष फल उपलब्ध हुने त्यो व्रत बताउनुहोस् । हे महर्षि ! जुन व्रत गर्नाले मेरा पतिहरू यस पृथ्वीमा अत्यन्त सुखी भएर बस्न सकून् ॥१२॥ हे महाभाग ! हे महाविभो ! जुन व्रतद्वारा सम्पूर्ण शत्रूहरू नासिउन् अनि म पनि आफ्नो राज्य प्राप्त गर्न सकूँ र ब्राह्मणहरूको खान-पानका लागि अन्न एवं दूध प्राप्त होओस्, त्यस्तो अचूक उपाय बताउनुहोस् । वैशम्पायनजी भन्नुहुन्छ – यसरी पाञ्चालीद्वारा स्तुति गरिएका महामुनि धौम्यले केहीक्षण आँखा चिम्लेर ध्यान गर्नुभयो र ध्यानमा देखिएको उपाय द्रौपदीलाई भन्नुभयो ॥१३–१५॥ हे पाञ्चालपुत्री द्रौपदी ! पहिले नागकन्याहरूको उपदेश पाएर सुकन्याले गरेको व्रतहरूमध्ये उत्तम व्रत तिमी सुन ॥१६॥

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

सर्वविघ्नोपशमनं रविषष्ठीमहाव्रतम् । त्वं कुरुष्व महाभागे सुखिनो ललनादिभिः ॥१७॥

द्रौपद्युवाच

कीदृशन्तु व्रतं विप्र को विधिः कस्य पूजनम् । का वा सुकन्यका चासीत् कथं कृतवती व्रतम् ॥१८॥

अत्याश्चर्यं महाभाग सौकन्यकमनुत्तमम् । एतन्मे संशयं छिन्धि शरणागतवत्सल ॥१९॥

धौम्य उवाच

आसीत् सत्ययुगे देवि शर्यातिनामभूपतिः । तस्य पत्नीसहस्रेषु कन्यका च बभूव वै ॥२०॥

नान्यसन्तानकान्तस्य बभूव सुमनोरमे । सा कन्या सुन्दरी बाला वर्द्धते पितृवेश्मनि ॥२१॥

चन्द्रवद्वदनं तस्याः कमलायतलोचनम् । उद्भूतयौवनं शून्यं वभौ कोरंकितस्तनम् ॥२२॥

बाल्यत्वाच्चञ्चला साभूत् पितुः प्राणसमा तथा । अतीव सुन्दरी लोके नान्यां पश्यामि भूतले ॥२३॥

अतीव शोभना यस्मात्सुकन्याख्या बभूव वै । शर्यातिस्त्वेकदा भूपो मृगयाखेटकं प्रति ॥२४॥

अमात्यैः सेनया सार्द्धं सम्यग्योधैस्ससंगतः । वनं जगाम गहनं सामात्यस्सपुरोहितः ॥२५॥

आखेटकार्थं तु वने वासं च ह्यकरोन्नृपः । दिनानि दश राज्ञस्तु व्यतीतानि महावने ॥२६॥

मृगया निशि क्रीडाभिः कान्तायाः सुरतेन च । एकदा तु सुकन्या सा सखिभिः परिवारिता ॥२७॥

पुष्पार्थं तु गता बाला वल्मीकस्य स्थलं तदा । ददर्श वनमध्ये तु विचिन्वन्ती सुकन्यका ॥२८॥

तत्रापश्यन्नेत्रयुग्मं खद्योत इव भूतले । किमिदं मनसि ज्ञात्वा सुकन्या साव्यपोहत ॥२९॥

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

हे सौभाग्यशाली द्रौपदी ! सम्पूर्ण विघ्नहरूलाई नाश गर्ने यस रविषष्ठीको महाव्रत तिमी अन्य स्त्रीहरूसंगै सुखपूर्वक गर ॥१७॥ द्रौपदीले भनिन् – हे ब्राह्मण ! यो कस्तो व्रत हो ? के विधि छ ? कसको पूजा गर्नु ? यी सुकन्या को थिइन् ? र उनले यो व्रत कसरी गरिन् ? ॥१८॥ हे महामुनि ! हे शरणागतवत्सल ! यो अति आश्चर्य लाग्ने व्रत गर्ने सुकन्याका बारेमा बताएर मेरो संशयलाई नाश गर्नुहोस् ॥१९॥ धौम्यले भन्नुभयो – हे द्रौपदी ! सत्य युगमा शर्याति नामका राजा थिए , उनका हजार ओटी रानीहरूबाट एउटी मात्र कन्या जन्मिएकी थिइन् ॥२०॥ हे परमसुन्दरी ! हजारओटी पत्नीका पति ती राजाका अरू कुनै सन्तान थिएनन् र ती एउटी कन्या अत्यन्त सुखपूर्वक आफ्ना पिताका घरमा हुर्कन लागिन् ॥२१॥ ती कन्याको शरीर चन्द्रमा जस्तै उज्यालो थियो, उनका आँखा पनि कमलका दल जस्ता थिए, उनी युवा हुँदै जाँदा उनका स्तन पनि फक्रिँदै गरेका कोपिला जस्ता भए ॥२२॥ बालिका नै हुनाले उनी अत्यन्त चञ्चल थिइन्, तथा आफ्ना पिता महाराज शर्यातिकी प्राणभैं प्यारी थिइन्, त्यस्ती सुन्दरी त मैले सम्पूर्ण पृथ्वीमै देखेको छैन ॥२३॥ अत्यन्त सुन्दरी हुनाले नै उनको नाम सुकन्या भएको हो । उनै महाराज शर्याति एक दिन शिकार खेल्नका लागि आफ्ना सेना, मन्त्री तथा पुरोहितलाई समेत लिएर घना जङ्गलमा गए ॥ २४–२५॥ शिकार खेल्नका लागि राजाले वनमा नै आफ्नो बस्ने ठाउँ बनाए र त्यसै महावनमा दस दिन बिताए ॥२६॥ दिनमा वनका पशुहरूको शिकार गर्दै तथा रातमा पत्नीहरूका साथ रति क्रीडा गर्दै राजा आनन्द पूर्वक रहन लागे । एक दिन सुकन्या आफ्ना साथीहरूसँगै फूल टिप्नका लागि गइन् ॥२७॥ फूल टिप्न गएकी ती बालिकाले त्यहाँ धमिराको एउटा ढिस्को देखिन् र के हो भनी सोच्न लागिन् ॥२८॥ त्यस धमिराको ढिस्कोमा जुनकिरीभैं चम्किला दुई ओटा प्वाल देखेर यो के हो भन्ने जिज्ञासाले एउटा सिन्काले ती दुवै प्वाललाई घोचिदिइन् ॥२९॥

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

पश्यन्ती तत्र रुधिरं चकोराक्षी गृहं गता । नीत्वा पुष्पादिकं बाला ततस्तु सखिभिः सह ॥३०॥
न मूत्रन्न पूरीषञ्च सर्वे दुःखेन पीडिताः । सेना कष्टतरं प्राप्ता कन्याया दुष्कृतेन च ॥३१॥
विनामूत्रपूरीषाभ्यान्दिनानां त्रितयं गतम् । उत्सर्गाभ्यां ततो राजा पप्रच्छ स्वपुरोहितम् ॥३२॥
केनावरोधता याता कथ्यतां मुनिसत्तम । दिव्येन चक्षुषा तेन कथयामास सुव्रतः ॥३३॥
पुरोहित उवाच
राजन्भार्गववंशीयश्च्यवनोनामविश्रुतः । वनेऽस्मिन्दुष्करं कर्म तपोभिः कुरुतेऽधुना ॥३४॥
वल्मीकैर्भक्षितं मांसमस्थिशेषः प्रवर्तते । मृत्तिकायास्तु लेपेन क्रियते दुष्करं तपः ॥३५॥
तस्य नेत्रद्वयं राजन् पुत्र्या ते कण्टकेन च । भग्नं कृतमजानन्त्या तेनैव स्तम्भितं रुषा ॥३६॥
तं प्रसादय संप्राप्य च्यवनं कन्यया सह । दीयतां भार्गवायास्मै सुकन्यां मुनयेऽधुना ॥३७॥
कन्यादानेन त्वं राजन्मोचयस्व सुदुष्करान् । इति श्रुत्वा वचो राजा ब्राह्मणस्य पुरोधसः ।३८॥
कन्यया सह धर्मात्मा च्यवनं भार्गवं ययौ । जलेन मृत्तिकां क्षिप्त्वा अस्थिमात्रन्ददर्श तम् ॥३९॥
नेत्रहीनं व्यथायूक्तं प्रणम्यादौ जगाद सः । अनया नेत्रभङ्गन्ते ह्यजानन्त्या कृतं प्रभो ॥४०॥
दीयते भवतेऽस्माभिः सेवायां तु सुकन्यका । इति श्रुत्वा वचस्तस्य च्यवनः सुमना ह्यभूत् ॥४१॥
राज्ञा शर्यातिना तस्मै सुकन्यादानभक्तितः । प्राप्तः सुकन्यकां विप्रः प्रससर्ज्ज मलन्ततः ॥४२॥

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

त्यसपछि त्यहाँबाट रगत बग्न थाल्यो, चञ्चल आँखा भएकी सुकन्या त्यस ठाउँमा रगत बग्न थालेको देखेर फूलहरू लिई डराउँदै साथीहरूसँगै आफ्नो घर गइन् ॥३०॥ सुकन्याको त्यस दुष्कर्मका प्रभावले यता राजाका सेनाहरूको दिशा–पिसाब नै बन्द भयो र अत्यन्त दुःख पाए ॥३१॥ दिशा पिसाब नगरीकनै ती सेनाहरूले तीन दिन बिताए । आफ्नो सेनामा यस्तो संकट देखेर राजाले आफ्ना पुरोहितलाई सोधे ॥३२॥ हे ऋषिश्रेष्ठ ! कुन अवरोधले गर्दा यस्तो आपत् आईलाग्यो ? त्यसपछि पुरोहितले ध्यान दृष्टिले विचार गरी राजालाई भने ॥३३॥ हे राजन् ! भृगुवंशमा उत्पन्न भएका, अत्यन्त प्रख्यात च्यवन नामका ऋषि अत्यन्त भयङ्कर तपस्या गरेर यस वनमा बस्तछन् ॥३४॥ तपस्यामा लीन भएका ती ऋषिको शरीरको सम्पूर्ण मासु धमिराले खाएको छ र हड्डि मात्र बाँकी छ, त्यसरी ऋषि धमिराको माटाको ढिस्कामा पुरिएर अत्यन्न कठिन तप गरिरहेका छन् ॥३५॥ हे राजन् ! तिम्री छोरी सुकन्याले अन्जानमै ती ऋषिका दुवै आँखा सिन्काले घोचेर फुटाइदिइन्, अतः उनै ऋषिका कोपले गर्दा तिम्रा सेनाको दिसा–पिसाब बन्द भएको हो ॥३६॥ हे महाराज ! आफ्नी छोरीका साथै गएर अहिले नै ती ऋषिलाई खुसी बनाऊ र सुकन्या पनि उनैलाई देऊ ॥३७॥ हे राजन् ! कन्यादान गरेर आफ्ना कष्टहरू हटाऊ । ब्राह्मण पुरोहितको यस्तो वचन सुनेर राजा शर्याति छोरीलाई साथमा लिएर भृगुपुत्र च्यवन ऋषि भएका ठाउँमा गए र जलले त्यस माटाको ढिस्कोलाई पखाले, त्यहाँ केवल हड्डि मात्र देखे ॥३८–३९॥ नेत्रहीन भएका, अत्यन्त दुःखित ती महर्षि च्यवनलाई प्रणाम गरेर राजाले भने – हे प्रभो ! यी अबोध बालिकाले हजूरका नेत्र भङ्ग गरिदिइन् ॥४०॥ त्यसकारण हजूरको सेवाका लागि यी कन्या हजूरलाई नै समर्पण गर्दछु । राजाको यस्तो वचन सुनेर च्यवन ऋषि प्रसन्न हुनुभयो ॥४१॥ राजा शर्यातिद्वारा सुकन्या पाएर खुसी भएका ती ऋषिले राजाका सेनाको रोकिएको मल- मूत्रलाई सुचारु गरिदिनुभयो ॥४२॥

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

मलोत्सीसर्जसा सेना सुखयुक्ता बभूव ह । दत्वा सुकन्यकां राजा जगाम नगरं प्रति ॥४३॥
वने घोरे सत्ययुक्तं सुकन्या न्यवसत् तदा । नेत्रहीनेन सहिता उवास कतिचित्समाः ॥४४॥
एकदा कार्तिके मासि पुष्करिण्यां जलार्थिनी । तत्रापश्यन्नागकन्या नानाभरणभूषिताः ॥४५॥
पूजयन्त्यः काश्यपेयं मण्डपस्थं दिवाकरम् । उपगम्य शनैस्तत्र नागकन्या अपृच्छत् ॥४६॥
किं कुर्वन्त्यहो महाभागाः किमर्थं यूयमागताः । सुकन्यकावचः श्रुत्वा नागकन्या तथाब्रवीत् ॥४७॥
नागकन्या उचुः
नागकन्या वयं साध्वि व्रतिन्यस्त्विह चागताः । पूजार्थं काश्यपेयस्य पुनर्यास्यामो मन्दिरम् ॥४८॥
सुकन्योवाच
किं पुण्यं किं फलं चास्य को विधिः कस्य पूजनम् । कस्मिन् मासे तिथौ कस्यां कर्त्तव्यं व्रतमुत्तमम् ॥४९॥
नागकन्या ऊचुः
कार्तिकस्य सिते पक्षे षष्ठी वै सप्तमीयुता ॥ तत्र व्रतं प्रकुर्वीत सर्वकामार्थसिद्धये ॥५०॥
पञ्चम्यां नियमं कृत्वा व्रतं कृत्वा विधानतः ॥ एकाहारं हविष्यस्य भूमौ शय्यां प्रकल्पयेत् ॥५१॥
षष्ठ्यामुपोषणं कुर्याद्रात्रौ जागरणं चरेत् । मण्डपञ्च चतुवर्णं पूजयेद्दिननायकम् ॥५२॥
नानाफलैस्सनैवेद्यैः पक्वान्नाद्यैः प्रपूजयेत् । उत्सवं गीतवाद्यादि कर्तव्यं सूर्यप्रीतये ॥५३॥
तावदुपोषणं कुर्यात् यावत्सूर्यस्य दर्शनम् । सप्तम्यामुदितं सूर्यं दद्यादर्घ्यं विधानतः ॥५४॥

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

मल-मूत्र त्याग गर्न पाएर खुसी भएका सेनाका साथ राजा शर्याति आफ्नी छोरी ऋषिलाई दिएर आफ्नो राज्यमा फर्किए ॥४३॥ त्यस घनघोर वनमा नेत्र नभएका च्यवन ऋषिको सेवा गरेर सुकन्या त्यहीँ बस्न लागिन् ॥४४॥ एक दिन कार्तिक महिनामा ती सुकन्या पानी लिनका लागि तलाउ गएकी थिइन्, त्यहाँ उनले अनेक श्रृङ्गारले युक्त भएका नागकन्याहरूलाई देखिन् ॥४५॥ ती नागकन्याहरू त्यहाँ भगवान् सूर्यको पूजा गरिरहेका थिए। विस्तारै ती नागकन्याहरूको नजिकै गएर सुकन्याले सोधिन् ॥४६॥ हे सौभाग्यवती नागकन्याहरू ! तिमीहरू यहाँ किन अएका हौ र यहाँ के गर्दैछौ ? सुकन्याका यी वचनहरू सुनेर नागकन्याहरूले भने ॥४७॥ हे साध्वी ! हामी व्रत लिइरहेका नागकन्याहरू हौँ, हामी यहाँ भगवान् सूर्यको पूजा गर्न आएका हौँ, पूजा सकेर यहाँबाट जान्छौँ ॥४८॥ सुकन्याले भनिन् – यो के व्रत हो ? यसबाट कस्तो फल पाइन्छ ? यसको विधि के हो ? कुन महिना, पक्ष, र तिथिमा गरिन्छ र कुन भगवान्को पूजा हुन्छ ? ॥४९॥ नागकन्याहरूले भने – कार्तिक महिनाको शुक्लपक्षको सप्तमीले छोएको षष्ठी तिथिमा सम्पूर्ण कामना पूर्ण गर्ने यस व्रत गर्नुपर्दछ ॥५०॥ पञ्चमीको दिन विधिपूर्वक स्नानादि कर्म गरेर एक छाक शुद्ध भोजन गरी भूईंमै सुत्नुपर्दछ ॥५१॥ षष्ठीको दिन व्रत बसेर रात्रिमा जागरण गर्नु र चार रंगले सुशोभित मण्डप बनाएर त्यस मण्डपमा दिनका स्वामी भगवान् सूर्यको पूजा गर्नु ॥५२॥ भगवान् सूर्यको प्रसन्नताका लागि अनेक प्रकारका फल, पक्वान्न आदि नैवेद्यहरू समर्पण गर्नु र भजन कीर्तनका साथ गीत संगीत बजाउँदै उत्सव गरी भगवान् सूर्यको पूजा गर्नु ॥५३॥ जबसम्म सूर्यको दर्शन भइरहन्छ तबसम्म निराहार व्रत बस्नु र सप्तमीको बिहान सूर्योदय भएपछि विधिपूर्वक अर्घ्य दिनु ॥५४॥

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

सदुग्धैः नारिकेलैस्तु सपुष्पफलचन्दनैः ।

अर्घ्यमन्त्राः-

ॐ नमोऽस्तु सूर्याय नमोऽस्तु भानवे नमोऽस्तु वैश्वानर जातवेदसे ।
त्वमेवं चार्घ्यं प्रतिगृह्ण गृह्ण देवाधिदेवाय नमोऽस्तु तुभ्यम् ॥५५॥

ॐ नमो भगवते तुभ्यं नमस्ते जातवेदसे । दत्तमर्घ्यं मया भानो त्वं गृहाण नमोऽस्तु ते ॥५६॥

एहि सूर्य सहस्रांशो तेजोराशे जगत्पते । अनुकम्पय मां भक्त्या गृहाणार्घ्यं दिवाकर ॥५७॥

इत्यर्घ्यमन्त्राः

ॐ नमः सवित्रे जगदेकचक्षुषे जगत्प्रसूतिस्थितिनाशहेतवे ।
त्रयीमयाय त्रिगुणात्मधारिणे विरिञ्चिनारायणशङ्करात्मने ॥५८॥

एवं कृते महाभागे प्रसन्नस्तु दिवाकरः । तस्मिन् सवितरि तुष्टे वाञ्छितफलमाप्नुयात् ॥५९॥

कथितन्ते महाभागे रविषष्ठीमहाव्रतम् ॥६०॥

धौम्य उवाच

नागकन्यावचः श्रुत्वा सुकन्या चाकरोद्व्रतम् । तस्या व्रतप्रभावेण च्यवनस्याक्षिणी तदा ॥६१॥
अभूत् निरुजन्देहः सुखानि विविधानि च । राज्ययुक्ता सुकन्याभूत् साक्षाल्लक्ष्मीरिवापरा ॥६२॥
तस्मात्त्वमपिकुरुष्व व्रतं पाञ्चालनन्दिनि । सुखिनः स्वामिनो भद्रे भविष्यन्ति न संशयः ॥६३॥

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

गाईको दूध, नरिवल, फूल तथा फल सहित भएको अर्घ्य **ॐ नमोऽस्तु सूर्याय** .....(श्लोक ५५-५७) भन्दै दिनु । (मन्त्रको अर्थ) भगवान् सूर्यलाई नमस्कार छ । हे वैश्वानर ! उत्पन्न भएका सम्पूर्ण पदार्थका ज्ञाता, प्रकाशमान् तिमीलाई नमस्कार छ । तिमी नै यो अर्घ्य ग्रहण गर, सम्पूर्ण देवताका पनि देवता तिमीलाई नमस्कार छ ॥५५॥ हे भानु ! सर्वज्ञ तिमीलाई नमस्कार छ, मैले दिएको अर्घ्यलाई ग्रहण गर ॥५६॥ हे हजारौं किरण भएका, तेजका राशि, संसारका मालिक सूर्य ! आऊ, मलाई कृपा गर, हे दिवाकर ! मैले भक्तिका साथ दिएको अर्घ्य स्वीकार गर ॥५७॥ **ॐ नमः सवित्रे** .....(श्लोक ५८) यो मन्त्रले भगवान् सूर्यको प्रार्थना गर्नु । श्लोकको अर्थ – "जगत्का एकमात्र नेत्र, संसारको सृष्टि स्थिति र संहारका कारण, त्रिगुणात्मा, ब्रह्मा, विष्णु, शङ्कर स्वरूपी सविता भगवान्लाई नमस्कार छ" ॥५८॥ हे महाभाग्यवती सुकन्या ! यसरी अर्घ्य चढाएर प्रार्थना गर्दा भगवान् सूर्य प्रसन्न हुनुहुन्छ र चिताएको फल प्राप्त हुन्छ । हे सुकन्या ! तिमीलाई हामीले यस महाव्रतको बारेमा बतायौं ॥५९–६०॥ धौम्यले भने – हे द्रौपदी ! नागकन्याको वचन सुनेर सुकन्याले त्यो व्रत गरिन् र त्यस व्रतका प्रभावले च्यवन ऋषिका दुवै आँखा ठीक भए ॥६१॥ च्यवन ऋषि अत्यन्त सुन्दर शरीर भएका तथा निरोगी भए र सुकन्या पनि अनेकौं सुखहरू प्राप्त गरी साक्षात् अर्की लक्ष्मीझैं भइन् ॥६२॥ हे पाञ्चालपुत्री द्रौपदी ! त्यसकारण तिमी पनि यो महान् व्रत गर, जसका प्रभावले तिम्रा पतिहरू सुखी हुनेछन् यसमा कुनै संशय छैन ॥६३॥

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

भोजनन्तु ऋषीणाञ्च दाता वै भगवान् हरिः । ऋषीणां भोजनं दत्त्वा राजा नत्ता तु ब्राह्मणान् ॥६४॥
वैशम्पायन उवाच
श्रुत्वा धौम्यस्य वचनं व्रतं चक्रे शुभानना । तेन व्रतप्रभावेण द्रौपदी सुमना ह्यभूत् ॥६५॥
या करोति सुकन्याया व्रतं वै पापनाशनम् । तथा सा वनिता राजन् पतिना सह मोदते ॥६६॥
उद्यापनविधिं कृत्वा कथां श्रुत्वा विधानतः । विप्राय दक्षिणां दत्त्वा लभते वाञ्छितं फलम् ॥६७॥
सौभाग्यं पुत्रसंपत्तिं धनं सौख्यं तथाक्षयम् । प्राप्नोति प्रमदा नित्यं कथाश्रवणतः फलम् ॥६८॥
सूर्यार्घ्यमन्त्रः
एहि सूर्य सहस्रांशो तेजोराशे जगत्पते । अनुकम्पय मां भक्त्या गृहाणार्घ्यं दिवाकर ॥६९॥

॥ इति श्रीभविष्योत्तरपुराणे जनमेजय-वैशम्पायनसंवादे रविषष्ठीव्रतकथा समाप्ता ॥

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

ऋषिहरूका भोजन दाता त साक्षात् भगवान् श्रीहरि नै हुन्, त्यसमा तिमीले चिन्ता लिनु पर्दैन । यता ती सम्पूर्ण ब्राह्मणहरूलाई भोजन दिएर महाराज युधिष्ठिरले सबैलाई प्रणाम गरे ॥६४॥ वैशम्पायनजी भन्नुहुन्छ – हे जनमेजय ! महामुनि धौम्यको वचन सुनेर सुन्दर रूप भएकी द्रौपदीले पनि त्यो उत्तम व्रत गरिन् र त्यस व्रतका प्रभावले अत्यन्त सुखी भइन् ॥६५॥ जुन नारीले यो पाप नाश गर्ने उत्तम व्रत गर्दछिन् ती नारी सदैव आफ्ना पतिका साथ सुखपूर्वक रहन्छिन् ॥६६॥ भोलिपल्ट सप्तमीको दिन विधिपूर्वक कथा सुनेर उद्यापन गरी ब्राह्मणहरूलाई भोजन र दक्षिणा दिनाले सम्पूर्ण मनोकामना पूर्ण हुन्छ र चिताएको फल प्राप्त हुन्छ ॥६७॥ प्रतिदिन यो कथा श्रवण गर्नाले अक्षय सौभाग्य, पुत्रधन तथा अविनाशी सुख प्राप्त हुन्छ ॥६८॥ अर्घ्य चढाउने मन्त्रको अर्थ-

हे हजारौं किरण भएका, तेजका राशि, संसारका मालिक सूर्य ! आऊ, मलाई कृपा गर, हे दिवाकर ! मैले भक्तिका साथ दिएको अर्घ्य स्वीकार गर ।

॥ यसरी भविष्योत्तरपुराणमा उल्लेख भएको जनमेजय–वैशम्पायन संवादमा रहेको रविषष्ठीव्रतकथाको नेपाली भाषानुवाद समाप्त भयो ॥

॥ हरिः ॐ तत्सत् ॥

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

अथ प्रतिहारषष्ठीव्रतकथा

नारायणं नमस्कृत्य नरञ्चैव नरोत्तमम् । देवीं सरस्वतीं व्यासं ततो जयमुदीरयेत् ॥
एकदा नैमिषारण्ये शौनकाद्या महर्षयः । नानादुःखयुतान् दृष्ट्वा मनुष्याँश्च दयालवः ॥१॥
तमागतं समालोक्य समभ्यर्च्यार्प्तसौहृदाः । पप्रच्छुर्विनयान्नृणां दुःखनाशाय सत्तमाः ॥२॥
सूत सूत महाभाग सर्वशास्त्रार्थकोविद । नानादुःखसमायुक्ता मनुष्या भूतले स्थिताः ॥३॥
दुःखनाशः कथं तेषां मनुष्याणां भवेद्वद ।
सूत उवाच
कथयामि कथां दिव्यां श्रृणुध्वं हि समाहिताः ॥४॥
एवमेव पुरा पृष्टः पुलस्त्यो वाग्विशारदः । सत्यव्रतेन भीष्मेण लोकानुग्रहकांक्षया ॥५॥
मनुष्याश्चापि लोकेऽस्मिन् स्वकर्मवशवर्तिनः । अल्पायुषोऽल्पदेहाश्च तथा चैवाल्पबुद्धयः ॥६॥
अल्पप्रजा धर्महीना आलस्याद्विहितोज्झिताः । देवार्चनविहीनाश्च भूसुरस्यापमानिनः ॥७॥
दुःखजालैः परीभूताः पीडिताश्चाप्यहर्निशम् । दुःखनाशः कथं तेषामचिरात् स्याद्वद प्रभो ॥८॥
एवं पृष्टो मुनिः प्राह रोगसन्दोहनाशने ।
पुलस्त्य उवाच
श्रृणुध्वं कथयिष्यामि पुरावृत्तं मनोरमम् ॥९॥

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

अथ प्रतिहारषष्ठी (छठ) व्रतकथा

भगवान् नारायणलाई, उत्तम पुरुष नरलाई, देवी सरस्वतीलाई र व्यासलाई पनि नमस्कार गरेर त्यसपछि सबैको जय जयकार गर्नु ।

पृथ्वीलोकमा अनेक प्रकारका दुःखमा रहेका मनुष्यहरूलाई देखेर दुःखी भएका अत्यन्त दयालु शौनक आदि ऋषिहरू नैमिषारण्य क्षेत्रमा रहेका थिए ॥१॥ एकदिन ती ऋषिहरू भएका ठाउँमा महापौराणिक सूतजी आउनुभयो । ती आएका सूतजीलाई पूजा गरेर ऋषिहरूले मनुष्यको दुःख नाशका लागि विनय पूर्वक सोधे ॥२॥ हे सम्पूर्ण शास्त्र जान्ने, महामुनि सूतजी ! पृथ्वीलोकमा धेरै दुःख पाएका मनुष्यहरू रहेका छन् ॥३॥ ती मनुष्यहरूको दुःखनाश कसरी होला ? त्यो बताउनुहोस् । सूतजीले भन्नुभयो - हे ऋषिहरू ! म दिव्य कथा सुनाउछु, तपाईंहरू सावधान भएर सुन्नुहोस् ॥४॥ पहिले एकदिन यसरी नै सत्यव्रत भएका भीष्मले मनुष्यको दुःख नाश गर्ने इच्छाले विद्वान् महर्षि पुलस्त्यसँग सोध्नुभएको थियो ॥५॥ आफ्ना अनेकौँ जन्मका कर्मका वशमा भएका मनुष्यहरू छोटो आयु, अल्प शरीर तथा मन्द बुद्धि भएका छन् ॥६॥ थोरै बन्धुबान्धव तथा इष्टमित्र भएका, धर्म नगर्ने, आलस्य गर्ने, देवताको पूजा नगर्ने तथा ब्राह्मणहरूलाई अपमान गर्ने मनुष्यहरू अनेकौँ दुःखजालले घेरिएका छन् । उनीहरूको दुःख देखेर म पनि दिन रात चिन्तित भएको छु त्यसकारण हे महर्षि, सर्वज्ञ पुलस्त्य ! ती मनुष्यहरूको छिट्टै दुःख नाश कसरी हुन्छ ? त्यो बताउनुहोस् ॥७-८॥ यसरी भीष्मद्वारा सोधिएका ऋषिश्रेष्ठ पुलस्त्यले सम्पूर्ण रोग तथा दुःख नाश हुने उपाय भन्नुभयो - हे सत्य व्रती भीष्म ! पहिले नै इतिहासमा घटेको मनोरम कथा सुनाउँछु सुन्नुहोस् ॥९॥

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

श्रृण्वतां पठतां नृणां महापातकनाशनम् । आसीत् क्षत्रियदायादः सर्वेषां द्रोहकृन्नृणाम् ॥१०॥
परोत्सवं न सहते भूयो दुष्टमतिर्बली । प्राग्जन्मकृतदोषेण कुष्ठरोगातुरोऽभवत् ॥११॥
यक्ष्मादिरोगसम्पन्नो जीवन्नेव मृतोपमः । जीवनान्मरणं भद्रं मेने रोगातुरः किल ॥१२॥
तदा वै ब्राह्मणः कश्चिद्वेदवेदाङ्गपारगः । तेजस्वी सर्वशास्त्रज्ञस्तपस्वी करुणार्द्रधीः ॥१३॥
तीर्थयात्राप्रसङ्गेन तत्रापि समुपागतः । तमागतं समुत्तस्थुर्ददुस्तस्मै वरासनम् ॥१४॥
प्रणेमुश्चोपविष्टश्च तमूचुर्विनयान्विताः । अहो भाग्यवशाद्यातं दर्शनं तव सुव्रत ॥१५॥
दुःखनाशो भवेत् त्वत्त इति मन्यामहे वयम् । महोदयाय महतां दर्शनं नान्यथा भवेत् ॥१६॥
इति मत्वाथ पृच्छामि त्वामिदं करुणानिधे । कुष्ठाभिभूतश्चैवायं तथा पुत्रविवर्जितः ॥१७॥
मृतप्रजस्तथैवायमयञ्च धनवर्जितः । परित्यक्ता च भर्त्रेयमियं प्रोषितभर्तृका ॥१८॥
राज्यभ्रष्टाः कुमाराश्च विद्याहीनाश्च सन्ति हि । दुःखनाशः कथं तेषां भवेद्वद महामते ॥१९॥
इत्याकर्ण्य वचस्तेषां ब्राह्मणः करुणामयः । अभिनन्द्य वचस्तेषां स विचारपरोऽभवत् ॥२०॥
आरोग्यं भास्कराद् देवात् पापराशिक्षयस्तथा । पापमूलानि दुःखानि सर्वाणीति जगुर्बुधाः ॥२१॥
एक एवोपदेशोऽत्र कर्तव्यः सर्वकार्यकृत् । एते विधिमजानन्तो जपादिकरणेऽक्षमाः ॥२२॥
भक्तिश्रद्धाविहीनाश्च तथात्मानधिकारिणः । भूयो भूयो विचार्याथ जगाद वचनं द्विजः ॥२३॥

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

यो घटना सुन्ने र पढ्ने दुवैको महापापलाई पनि नाश गर्ने प्रकारको छ । पहिले सबैलाई द्रोह गर्ने एउटा क्षत्रिय पुरुष थियो ॥१०॥ अरूको खुसी देख्न नसक्ने, अत्यन्त दुष्ट बुद्धि भएको, बलशाली त्यो क्षत्रिय पूर्वजन्मको फलले कुष्ठ रोगी भयो ॥११॥ कुष्ठ रोगले गर्दा बाँचे पनि मरे जस्तै भएको त्यसले बाँच्नुभन्दा मर्नु नै उचित सम्झन थाल्यो ॥१२॥ त्यसैबेला तेजस्वी, वेद-वेदाङ्गका ज्ञाता, तपस्वी, करुणामय एकजना ब्राह्मण त्यहाँ आए ॥१३॥ तीर्थ यात्रा गर्दागर्दै त्यहाँ आईपुगेका ती ब्राह्मणलाई त्यस क्षत्रियका परिवारले उच्च आसन दिए ॥१४॥ र प्रणाम गरेर सविनय सोध्न लागे, हे उत्तम व्रत भएका ब्राह्मण । आज बडो भाग्यले तपाईंको दर्शन प्राप्त भयो ॥१५॥ तपाईबाट सम्पूर्ण दुःखको नाश हुन्छ भन्ने हामीलाई लागेको छ । किनकि महापुरुषको दर्शन तेसै खेर जाँदैन ॥१६॥ हे करुणानिधि ब्राह्मण ! त्यसकारण तपाईलाई हामी सोद्धछौं, यो पुत्रादि सन्तान रहित तथा कुष्ठ रोगले पीडित भएको छ ॥१७॥ यसका सन्तान सबै नासिएका छन् भने धन सम्पत्ति पनि सबै सकिएको छ । यी नारी पनि असहाय तथा अनाथ भएकी छिन् ॥१८॥ अरू बालकहरू अनाथ तथा विद्याहीन भएका छन् अतः हे महामेधावी ब्राह्मण ! कसरी यिनिहरूको दुःख नाश हुन्छ त्यो बताउनुहोस् ॥१९॥ तिनीहरूको यो कुरा सुनेर करुणामय ब्राह्मणले ती वचनहरूको सम्मान गर्दै सोच्न लागे ॥२०॥ "भगवान् सूर्यबाट नै आरोग्य प्राप्त हुन्छ, पापराशिको नाश हुन्छ तथा पापबाट हुने सबै दुःखको पनि नाश हुन्छ यस्तो ज्ञानीहरूले भन्नु भएको छ ॥२१॥ यी सबै कार्य सम्पन्न गर्नका लागि यहाँ एउटै उपाय बताउनुपर्छ । यसको विधि नजानेर नै यिनीहरू जप आदि धर्म कार्य गर्न नसक्ने भएका हुन् ॥२२॥ यिनीहरू भक्तिहीन तथा श्रद्धाहीन छन् साथै उत्तम कार्यका अधिकारी पनि छैनन् अतः यिनीहरूलाई एउटै मात्र सजिलो एवं अचुक उपाय बताउनुपर्छ" यस्तो बारम्बार सोचेर ब्राह्मणले भन्नुभयो ॥२३॥

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

भास्करस्य व्रतं त्वेकं यूयं कुरुत सत्तमाः । सर्वेषां दुःखनाशो हि भवेत्तस्य प्रसादतः ॥२४॥
श्रुत्वा मुमुदिरे सर्वे स्मृत्वा वाक्यं पुनः पुनः । पप्रच्छुर्विनयात् सर्वे हर्षगद्गदया गिरा ॥२५॥
कदा कोऽत्र विधिर्विप्र कथमाराधनं विभोः । सर्वं विस्तरतो ब्रूहि कृपासागर सुव्रत ॥२६॥
विप्र उवाच
कार्तिके शुक्लपक्षे तु निरामिषपरो भवेत् । पञ्चम्यामेकभोजी स्याद्वाक्यं दुष्टं परित्यजेत् ॥२७॥
भावदुष्टं न भुञ्जीत दुष्टश्रवणकृन्नरः । भूमिशायी जितक्रोधः शुचिः श्रद्धासमन्वितः ॥२८॥
षष्ठ्याञ्चैव निराहारः फलपुष्पसमन्वितः । सरित्तटं समासाद्य गन्धदीपैर्मनोहरैः ॥२९॥
धूपैर्नानाविधैर्दिव्यैर्नैवेद्यैर्घृतपाचितैः । गीतवाद्यादिभिश्चैव महोत्सवसमन्वितैः ॥३०॥
समभ्यर्च्य रविं भक्त्या दद्यादर्घ्यं विवस्वते । रक्तचन्दनसम्मिश्रं रक्तपुष्पाक्षतान्वितम् ॥३१॥
नानाफलसमायुक्तं दिव्यकौशेयसंयुतम् ॥३२॥
नमोऽस्तु सूर्याय सहस्रभानवे नमोऽस्तु वैश्वानर जातवेदसे ।
त्वमेव चार्घ्यं प्रतिगृह्ण गृह्ण देवाधिदेवाय नमो नमस्ते ॥३३॥
नमो भगवते तुभ्यं नमस्ते जातवेदसे । दत्तमर्घ्यं मया भानो त्वं गृहाण नमोऽस्तु ते ॥३४॥
ज्योतिर्मय विभो सूर्य तेजोराशे जगत्पते । अनुकम्पय मां भक्त्या गृहाणार्घ्यं दिवाकर ॥३५॥
एहि सूर्य सहस्रांशो तेजोराशे जगत्पते । गृहाणार्घ्यं मया दत्तं संज्ञया सहित प्रभो ॥३६॥
मन्त्रैरेभिः प्रदातव्यं भास्वते दीप्ततेजसे । अर्धप्रदक्षिणां कृत्वा प्रणमेच्च पुनः पुनः ॥३७॥

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

तिमीहरू उत्तम आचरणमा रहेर भगवान् सूर्यको एउटा व्रत गर जसका प्रसादले सबैको दुःख नाश हुन्छ ॥२४॥ ब्राह्मणको यस्तो वचन सुनेर सबै जना अत्यन्त खुसी भए र गद्‌गद् हुँदै भने ॥२५॥ हे उत्तम व्रत भएका, कृपासागर ब्राह्मण ! यो कहिले कसरी गर्नु पर्दछ ? यसको के विधि छ र सर्वव्यापक भगवान् सूर्यको आराधना कसरी गर्नु पर्छ ? यी सबै कुरा विस्तारमा बताउनुहोस् ॥२६॥ ब्राह्मणले भन्नु भयो - कार्तिक महिनाको शुक्लपक्ष पञ्चमी तिथिको दिन शुद्ध भोजन एक छाक मात्र खानु र अपशब्दहरू नबोल्नु ॥२७॥ भाव दोष भएको भोजन पनि नगर्नु, नराम्रा कुराहरू नसुन्नु, भुईंमा सुत्नु, इन्द्रिय निग्रह गर्नु, क्रोध नाश गर्नु, शुद्ध रहनु र श्रद्धा धारण गर्नु ॥२८॥ षष्ठीको दिन निराहार व्रत बस्नु र चन्दन, अक्षता, फूल, धूप, दीप, नैवेद्य आदि पूजा सामग्री लिएर नदी किनारमा जानु ॥२९॥ धूप, दीप, घिउमा पकाएका अनेक प्रकारका नैवेद्यहरूद्वारा भगवान् सूर्यलाई पूजा गरेर गीत संगीत भजन कीर्तन गाउँदै अत्यन्त उत्सव सम्पन्न गरी रक्त चन्दन, रातो अक्षता तथा रातो फूल तथा फल राखी तयार गरेको अर्घ्य भगवान् सूर्यलाई चढाउनु ॥३०-३१॥ **"नमोऽस्तु सूर्याय..... (श्लोक-३३,३४,३५,३६)** यी मन्त्रहरूले सूर्यलाई अर्घ्य दिनु । मन्त्रको अर्थ- हजारौँ किरण भएका सूर्यलाई नमस्कार छ, उत्पन्न भएका सबै पदार्थलाई जान्ने वैश्वानरलाई नमस्कार छ, हे वैश्वानर ! तिमी यो अर्घ्य ग्रहण गर, देवताहरूका देवता तिमीलाई नमस्कार छ ॥३३॥ हे भानु ! सर्वज्ञ तिमीलाई नमस्कार छ, मैले दिएको अर्घ्यलाई ग्रहण गर । हे हजारौँ किरण भएका, तेजका राशि, संसारका मालिक सूर्य ! संज्ञासंगै आऊ, मलाई कृपा गर, हे दिवाकर ! मैले भक्तिका साथ दिएको अर्घ्य स्वीकार गर ॥३४-३६॥ यिनै मन्त्रहरूले प्रकाशमान्, तेजस्वी सूर्यनारायणलाई अर्घ्य दिएर प्रदक्षिणा गरी बारम्बार प्रणाम गर्नु ॥३७॥

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

गीतवाद्यादिनृत्यैश्च रात्रौ जागरणं चरेत् । पुनः प्राप्तः समभ्यर्च्य दत्त्वाऽर्घ्यं स्वस्थमानसः ॥३८॥
सदक्षिणं तथा चान्नं विप्रेभ्य प्रतिपादयेत् । व्रती च पारणां कुर्यात् प्रसन्नवदनाम्बुजः ॥३९॥
व्रतेनानेन सन्तुष्टो दुःखं हरति भास्करः । चक्रुस्ते श्रद्धया युक्ताः स्वस्वदुःखोपशान्तये ॥४०॥
यक्ष्मापस्मारकुष्ठादियुक्तः क्षत्रियनन्दनः । कमनीयः स नारीणां त्रिभिर्वर्षैर्बलान्वितः ॥४१॥
पुत्रहीनो भवेत्पुत्री जीवत्पुत्रो मृतप्रजः । सुभगा पतिना त्यक्ता पत्युः प्राणसमा भवेत् ॥४२॥
प्रोषितस्तु पतिर्यस्याः सा भवेद्भर्तृसंयुता । एवं मनोरथैः पूर्णा अभवन् व्रतकारिणः ॥४३॥
सूत उवाच
ख्यातमेतद् व्रतं विप्राः स्तुतं वै सर्वदेहिनाम् । वाञ्छितार्थप्रदञ्चैव व्रतं सर्वसुखप्रदम् ॥४४॥
आसीत्तत्र दरिद्रो यः सद्ब्राह्मणकुलोद्भवः । विद्याहीनः कुमारश्च भिक्षुर्गृहविवर्जितः ॥४५॥
न वित्तनियमस्तस्य न भक्ष्याच्छादनस्य च । क्षुत्क्षामः पर्यटन् पृथ्वीं शर्म विन्दति न क्वचित् ॥४६॥
एवं बहुतिथे काले पर्यटन् खिन्नमानसः । समागतश्च तत्रैव यत्रैते समुपागताः ॥४७॥
श्रुत्वा विप्रवचस्सोऽथ प्राहेदं हृष्टमानसः । अकार्षीच्छ्रद्धया चैतद् व्रतं सर्वेप्सितप्रदम् ॥४८॥
व्रतेनैकेन तस्यासीदतीव पठने मतिः । पठित्वा कतिचिद्वर्षैः काव्यालङ्कृतिवित्कृती ॥४९॥
स्वविद्योपार्जितैर्वित्तैर्विवाह्यैकां सुवंशजाम् । पुत्रपौत्रान्वितो भूत्वा सर्वसम्पत्समन्वितः ॥५०॥

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

रात्रिमा गीत संगीत भजन कीर्तन तथा नाच गान गर्दै जागरण गर्नु र भोली पल्ट बिहानै पुनः शान्त मन भई सूर्यलाई अर्घ्य दिनु ॥३८॥ ब्राह्मणहरूलाई भोजन गराउनु र दक्षिणा दिनु अनि आफूले पनि प्रसन्न चित्त भई व्रत पारायण गर्नु र भोजन गर्नु ॥३९॥ यस व्रतद्वारा खुसी हुनुभएका भगवान सूर्यले सम्पूर्ण दुःख हरण गर्नुहुन्छ। ब्राह्मणको यस्तो वचन सुनेर ती सबैले आफ्ना दुःखनाशका लागि यो व्रत गरे ॥४०॥ कुष्ठ आदि अनेक रोग लागेका ती क्षत्रिय पुरुषका सबै रोग यस व्रतका प्रभावले नाश भए ॥४१॥ यो व्रत गर्नाले पुत्रहीनहरूलाई पुत्र प्राप्त भयो, सन्तान भएकाका सन्तानहरू नासिएनन्, पतिले त्यागेकी नारी पनि पुनः पतिलाई प्राप्त गरेर सौभाग्यवती र पतिकी प्राणप्यारी भईन् ॥४२॥ जसका पति दुःखी भएका थिए तिनका पति पनि सुखी भए, यसरी व्रत बस्ने सबैका आ-आफ्ना मनकामना पूर्ण भए ॥४३॥ सूतजी भन्नुहुन्छ - हे ऋषिहरू ! सबै मनुष्यहरूको मनकामना पूर्ण गर्ने, सबै प्रकारको सुख दिने यो अत्यन्त प्रसिद्ध व्रत हो ॥४४॥ त्यहाँ ब्राह्मण कुलमा उत्पन्न भएका, विद्याहीन, घरवार नभएका, गरीब कुमार भिक्षु थिए ॥४५॥ धन सम्पत्ति केही नभएका, खाने बस्ने कुनै ठेगान नभएका ती ब्राह्मण कुमार भोकले व्याकुल भएर सारा पृथ्वी डुल्दा पनि कतै भोजन प्राप्त गरी सुखी भएनन् ॥४६॥ यसरी दुःखले खिन्न मन भएका ती ब्राह्मण घुम्दै-घुम्दै तिनै व्रतगरिरहेका मानिसहरू भए ठाउँ आइपुगे ॥४७॥ त्यहाँ उनले पनि श्रद्धा पूर्वक यो सर्वार्थ पूर्ण गर्ने व्रत गरे ॥४८॥ यस एउटै व्रतका प्रभाव ती ब्राह्मण कुमारको बुद्धि तेज भयो र उनले अध्ययन गर्न थाले, उनले केही बर्षमै काव्य अलङ्कार, व्याकरण, वेद आदि अनेक शास्त्र पढे ॥४९॥ पढेर विद्वान् बनेपछि उनले धेरै धन सम्पत्ति कमाएर उत्तम ब्राह्मण कुलकी कन्यासँग विवाह गरे र छोरा-छोरी-नाति-नातिनी आदि प्राप्त गरी सम्पूर्ण सुख सुविधा सम्पन्न भए ॥५०॥

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

पाठयन् बहुशो विप्रान् सर्वभोगान्वितः सुखी । जपन्नष्टाक्षरं विष्णोर्वेदपारायणं चरन् ॥५१॥
निनाय च दिनं सर्वमन्ते तेजस्विनां गतिम् । जगाम स द्विजश्रेष्ठो व्रतस्यास्य प्रसादतः ॥५२॥
राज्यभ्रष्टश्च श्रुत्वैतद् व्रतं सर्वेप्सितप्रदम् । चकार विधिवद्विप्रो भक्तिश्रद्धासमन्वितः ॥५३॥
अमात्यः पञ्चभिर्वर्षैर्मन्त्रयित्वा परस्परम् । समागतश्च तत्रैव यत्रास्ते राजसत्तमः ॥५४॥
राजानमग्रतः कृत्वा गताः सर्वे बलान्विताः । हत्वा द्रोहकरान् सर्वानुत्सार्यं च परं बलम् ॥५५॥
दृष्ट्वा त्वन्यान् समुत्सार्य कृत्वा राज्यमकण्टकम् । तमेव चक्रे राजानं पूर्ववत् सोऽप्यपालयत् ॥५६॥
अन्येऽपि ये व्रतं चक्रुरभीष्टं तेऽपि लेभिरे । एवं ये वै करिष्यन्ति व्रतं सर्वेप्सितप्रदम् ॥५७॥
तेषामभीष्टसिद्धिः स्याद् भास्करस्य प्रसादतः । साक्षादेव सप्तसप्तिः सर्वेषां पालकः स च ॥५८॥
श्रुत्वा कथामिमां दिव्यां व्रतं कृत्वा विधानतः । शक्तितो दक्षिणां दद्यात् सुवर्णं वाचकाय वै ॥५९॥
शृण्वन्ति ये कथां दिव्यां भक्तिभावसमन्विताः । गङ्गादिसर्वतीर्थानां स्नानपुण्यं लभन्ति ते ॥६०॥

॥ इति श्रीस्कन्दपुराणोक्तप्रतिहारषष्ठीव्रतकथा समाप्ता ॥

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

धेरै ब्राह्मण कुमारहरूलाई वेदादि अध्ययन गराउँदै, सबै सुख उपभोग गरी उनले श्री नारायणको अष्टाक्षर मन्त्र जप गर्न लागे ॥५१॥ यसरी यस व्रतका प्रसादले ती ब्राह्मणले सुख सुविधा उपभोग गर्दै आफ्नो जीवन उत्तम रूपले बिताए र मृत्यु पश्चात् भगवान् श्रीमन्नारायणको धाम प्राप्त गरे ॥५२॥ आफ्नो राज्यबाट निकालिएका ब्राह्मण मन्त्रीले पनि श्रद्धा भक्तिका साथ यो व्रत गरे ॥५३॥ अनि पाँचवर्षपछि साथीहरूसँग परामर्श गरी आफ्नो राजा भए ठाउँमा आए ॥५४॥ राजाका अगाडी गएर उनले प्रणाम गरे, त्यसपछि उनलाई द्रोह गर्ने दुष्टहरूलाई त्यहाँबाट लखेटिदिए ॥५५॥ यसरी सबै द्रोही अपराधीहरूलाई दण्ड दिई त्यस राज्य र राजालाई पनि निष्कण्टक बनाए ॥५६॥ अरू पनि जस जसले यो व्रत गरे ती सबैले चिताएको फल प्राप्त गरे र जसले पनि यो व्रत गर्नेछन् उनीहरूले पनि चिताएको कुरा भगवान् सूर्यका प्रसादले पूरा हुनेछ किनकि सूर्यनारायण नै सबैका पालक हुनुहुन्छ ॥५७-५८॥ यो दिव्यकथा सुनेर र विधि पूर्वक व्रत गरेर कथा वाचक ब्राह्मणलाई यथाशक्ति सुन दान गर्नु र दक्षिणा दिनु ॥५९॥ जसले यो दिव्य कथा श्रवण गर्छन् तिनीहरूले गङ्गादि·तीर्थहरूमा स्नान गरेको पुण्य पाउँदछन् ॥६०॥

॥ यसरी स्कन्दपुराणमा उल्लेख भएको प्रतिहारषष्ठीव्रतकथा समाप्त भयो ॥

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

अथ ब्रह्मवैवर्तोक्तं षष्ठीदेवी-व्रतपूजामाहात्म्यम्

नारद उवाच

अनेकानाञ्च देवीनां श्रुतमाख्यानमुत्तमम् । अन्यासां चरितं ब्रह्मन् वद वेदविदां वर ॥१॥

नारायण उवाच

सर्वासां चरितं विप्र वेदेष्वस्ति पृथक् पृथक् । पूर्वोक्तानाञ्च देवीनां त्वं कासां श्रोतुमिच्छति ॥२॥

नारद उवाच

षष्ठी मङ्गलचण्डी च मनसा प्रकृतेः कला । व्युत्पत्तिमासां चरितं श्रोतुमिच्छामि तत्त्वतः ॥३॥

नारायण उवाच

षष्ठांशा प्रकृतेर्या च सा च षष्ठी प्रकीर्तिता । बालकाधिष्ठातृदेवी विष्णुमाया च बालदा ॥४॥
मातृकासु च विख्याता देवसेनाभिधा च सा । प्राणाधिकप्रिया साध्वी स्कन्दभार्या च सुव्रता ॥५॥
आयुःप्रदा च बालानां धात्री रक्षणकारिणी । सन्ततं शिशुपार्श्वस्था योगेन सिद्धियोगिनी ॥६॥
तस्याः पूजाविधौ ब्रह्मन्निितिहासविधिं श्रृणु । यत् श्रुतं धर्मवक्त्रेण सुखदं पुत्रदं परम् ॥७॥
राजा प्रियव्रतश्चासीत् स्वायम्भुवमनोः सुतः । योगीन्द्रो नोद्वहेद्भार्यां तपस्यासु रतः सदा ॥८॥
ब्रह्मज्ञया च यत्नेन कृतदारो बभूव सः । सुचिरं कृतदारश्च नालभत् तनयं मुने ॥९॥
पुत्रेष्टियज्ञं तञ्चापि कारयामास कश्यपः । मालिन्यै तस्य कान्तायै मुनिर्यज्ञचरुं ददौ ॥१०॥
भुक्त्वा चरुञ्चास्याश्च सद्यो गर्भो बभूव ह । दधार तञ्च सा देवी दैवं द्वादशवत्सरम् ॥११॥

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

अथ ब्रह्मवैवर्तोक्त षष्ठीदेवी–व्रतपूजामाहात्म्य

नारदजीले श्रीनारायणसँग भन्नुभयो – हे सर्वज्ञ ! हे परब्रह्म ! अनेकौँ देवीहरूका उत्तम उत्तम चरित्रहरू सुनियो, अब अरू देवीहरूको कथा पनि भन्नुहोस् ॥१॥ नारायणले भन्नुभयो – हे विप्र नारदजी ! वेदहरूमा सम्पूर्ण देवीहरूको चरित्र छुट्टा- छुट्टै वर्णन गरिएको छ, अतः अघि भनिएका देवीहरूमध्ये तपाईं कुन कुन देवीको चरित्र सुन्न चाहनुहुन्छ ? ॥२॥ नारदजीले भन्नुभयो – प्रकृतिकी कला, मङ्गलचण्डी तथा षष्ठी यी देवीहरूको चरित्र हृदयदेखि नै यथार्थरूपमा सुन्न चाहन्छु ॥३॥ नारायणले भन्नुभयो – प्रकृतिको छैठौँ अंश भएको हुनाले नै यी देवीलाई षष्ठीदेवी भनिएको हो । यिनै देवी विष्णुकी माया हुन् साथै बालबालिकाको संरक्षिका तथा बालबालिकादात्री पनि हुन् ॥४॥ यिनै देवी मातृकाहरूमा देवसेना नामले प्रसिद्ध छिन्, तथा उत्तम व्रत भएकी यी देवी स्कन्दकी प्राणसमान प्यारी पत्नी पनि हुन् ॥५॥ बालबालिकालाई आयु दिने, पोषण गर्ने तथा रक्षा गर्ने यी देवी सधैँ बालबालिकाको छेउमै रहन्छिन् र सिद्ध योगिनी पनि हुन् ॥६॥ हे ब्राह्मण नारदजी ! तिनै षष्ठी देवीको पूजा विधिको इतिहास सुन्नुहोस् जुन श्रेष्ठ इतिहास पहिले धर्मराजले सुन्नु भएको थियो ॥७॥ स्वयम्भु मनुका छोरा प्रियव्रत नामका एक राजा थिए, सधैँ योग एवं तपस्यामा रहने हुनाले उनले विवाह गरेका थिएनन् ॥८॥ ब्रह्माजीले धेरै कर गरेपछि उनले विवाह गरे तर धेरै समयसम्म पनि उनका सन्तान भएनन् ॥९॥ त्यसपछि ती राजाले कश्यप ऋषिलाई बोलाएर पुत्रेष्टि यज्ञ गरे र यज्ञ सकिएपछि ऋषिले रानीलाई यज्ञको प्रसाद दिए ॥१०॥ यज्ञको प्रसाद ग्रहण गरेपछि तुरुन्तै रानी गर्भवती भइन् र उनले दैवी बाह्र वर्षसम्म गर्भधारण गरिन् ॥११॥

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

ततः सुषाव सा ब्रह्मन् कुमारं कनकप्रभम् । सर्वावयवसम्पन्नं मृतमुत्तारलोचनम् ॥१२॥
तं दृष्ट्वा रुरुदुः सर्वा नार्यश्च बान्धवस्त्रियः । मूर्च्छामवाप तन्माता पुत्रशोकेन सुव्रता ॥१३॥
श्मशानञ्च ययौ राजा गृहीत्वा बालकं मुने । रुरोद तत्र कान्तारे पुत्रं कृत्वा स्ववक्षसि ॥१४॥
नोत्सृज्य बालकं राजा प्राणाँस्त्यक्तुं समुद्यतः । ज्ञानयोगं विसस्मार पुत्रशोकात् सुदारुणात् ॥१५॥
एतस्मिन्नन्तरे तत्र विमानञ्च ददर्श ह । शुद्धस्फटिकसंकाशं मणिराजविराजितम् ॥१६॥
तेजसा ज्वलितं शश्वत् शोभितं क्षौमवाससा । नानाचित्रविचित्राढ्यां पुष्पमालाविराजिताम् ॥१७॥
ददर्श तत्र देवीञ्च कमनीयां मनोहराम् । श्वेतचम्पकवर्णाभां शश्वत्सुस्थिरयौवनाम् ॥१८॥
ईषद्धास्यप्रसन्नास्यां रत्नभूषणभूषिताम् । कृपामयीं योगसिद्धां भक्तानुग्रहकातराम् ॥१९॥
दृष्ट्वा तां पुरतो राजा तुष्टाव परमादरम् । चकार पूजनं तस्या विहाय बालकं भुवि ॥२०॥
पप्रच्छ राजा तां दृष्ट्वा ग्रीष्मसूर्यसमप्रभाम् । तेजसां ज्वलितां शान्तां कान्तां स्कन्दस्य नारद ॥२१॥
कथं सुशोभने कान्ते कस्य कान्तासि सुव्रते । कस्याः कन्या वरारोहे धन्या मान्या च योषिताम् ॥२२॥
नृपेन्द्रस्य वचः श्रुत्वा जगन्मङ्गलदायिनी । उवाच देवसेना सा देवक्षरणकारिणी ॥२३॥
देवानां दैत्यग्रस्तानां पुरा सेना बभूव सा । जयं ददौ च तेभ्यश्च देवसेना च तेन सा ॥२४॥
ब्रह्मणो मानसी कन्या देवसेनाऽहमीश्वरी । सृष्ट्वा मां मनसो धाता ददौ स्कन्दाय भूमिपः ॥२५॥

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

त्यसपछि रानीले सुनौलो वर्णको एउटा कुमारलाई जन्म दिईन्, तर ती कुमार सम्पूर्ण अङ्ग ठिक-ठाक भए पनि आँखा पल्टाइरहेका तथा मृत थिए ॥१२॥ त्यस मृत बच्चालाई देखेर सम्पूर्ण स्त्रीहरू रुन थाले र रानी पनि पुत्रशोकले मूर्च्छा परिन् ॥१३॥ हे नारद ऋषि ! त्यो मृत छोरालाई लिएर राजा श्मशानघाट गए र त्यहाँ आफ्नो छोरालाई छातिमा टाँसेर अत्यन्त शोकाकूल हुँदै रुन थाले ॥१४॥ पुत्रशोक र मोहले गर्दा राजा अचेतझैं भएका थिए अतः उनले छोरालाई त्याग्नै सकेनन् र आफैं प्राण त्याग गर्न लागे ॥१५॥ त्यसैबेला त्यहाँ शुद्ध स्फटिक जस्तै सफा, मणिआदि रत्नहरू जडान गरिएको विमानलाई राजाले देखे ॥१६॥ प्रकाशले अत्यन्त तेजिलो भएको त्यस सुन्दर विमानमा राजाले अत्यन्त सुन्दर , सेतो चम्पाफूल जस्तै वर्ण भएकी , नित्य एवं स्थिर यौवन भएकी, थोरै–थोरै मुस्कुराएकी, अनेकौं रत्नका गहनाले सजिएकी, योग सिद्ध कृपामयी तथा भक्तलाई अनुग्रह गर्ने देवीलाई देखे ॥१७–१९॥ त्यस्ती साक्षात् कृपामूर्ति देवीलाई आफनो अगाडि देखेर राजाले आफ्नो मृत छोरालाई भुईंमा राखेर ती देवीको अत्यन्त आदरका साथ पूजा गरे र स्तुति गरे ॥२०॥ हे नारद ! त्यसपछि राजाले ग्रीष्म ऋतुका सूर्यको जस्तै तेज भएकी, स्कन्दकी धर्मपत्नी, सुन्दरी ती देवीलाई सोधे ॥२१॥ हे सुन्दरी, उत्तम व्रत भएकी देवी ! तिमी कसकी पत्नी हौ ? को हौ ? कसकी छोरी हौ र यहाँ कसरी आइपुग्यौ ? ॥२२॥ राजाको वचन सुनेर ती जगत्को कल्याण गर्ने, देवताहरूको पनि रक्षा गर्ने देवसेना देवीले भनिन् ॥२३॥ उहिले दैत्यहरूले धेरै दुःख दिएका देवताहरूको रक्षाका लागि सेना भएर ती दैत्यहरूसँग देवताहरूलाई जिताएको हुनाले मेरो नाम देवसेना भएको हो ॥२४॥ हे राजन् ! म ब्रह्माकी मानस छोरी देवसेना साक्षात् ईश्वरी हूँ । मलाई सृष्टिकर्ता ब्रह्माले मनबाट उत्पन्न गरेर स्कन्दसँग विवाह गरिदिनुभयो ॥२५॥

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

मातृकासु च विख्याता स्कन्दसेना च सुव्रता । विश्वे षष्ठीति विख्याता षष्ठांशा प्रकृतेर्यतः ॥२६॥
अपुत्राय पुत्रदाऽहं प्रियदाता प्रियस्य च । धनदा च दरिद्रेभ्यः कर्मिणे शुभकर्मदा ॥२७॥
सुखं दुःखं भयं शोकं हर्षं मङ्गलमेव च । सम्पत्तिश्च विपत्तिश्च सर्वं भवति कर्मणा ॥२८॥
कर्मणा बहुपुत्री च वंशहीनश्च कर्मणा । कर्मणा रूपवांश्चैव रोगी शश्वत् स्वकर्मणा ॥२९॥
कर्मणा मृतपुत्रश्च कर्मणा चिरजीविनः । कर्मणा गुणवन्तश्च कर्मणा चाङ्गहीनकाः ॥३०॥
तस्मात् कर्म परं राजन् सर्वेभ्यश्च श्रुतौ श्रुतम् । कर्मरूपी च भगवान् तद्द्वारा फलदो हरिः ॥३१॥
इत्येवमुक्त्वा सा देवी गृहीत्वा बालकं मुने । महाज्ञानेन सहसा जीवयामास लीलया ॥३२॥
राजा ददर्श तं बालं सस्मितं कनकप्रभम् । देवसेना च पश्यन्तं नृपमम्बरमेव च ॥३३॥
गृहीत्वा बालकं देवी गगनं गन्तुमुद्यता । पुनस्तुष्टाव तां राजा शुष्ककण्ठोष्ठतालुकः ॥३४॥
नृपस्तोत्रेण सा देवी परितुष्टा बभूव ह । उवाच तं नृपं ब्रह्मन् वेदोक्तं कर्मनिर्मितम् ॥३५॥
त्रिषु लोकेषु राजा त्वं स्वायम्भुवमनोः सुतः । मम पूजाञ्च सर्वत्र कारयित्वा स्वयं कुरु ॥३६॥
तदा दास्यामि पुत्रं ते कुलपद्मं मनोहरम् । सुव्रतं नाम विख्यातं गुणवन्तं सुपण्डितम् ॥३७॥
जातिस्मरञ्च योगीन्द्रं नारायणपरायणम् । शतक्रतुकरं श्रेष्ठं क्षत्रियाणाञ्च वन्दितम् ॥३८॥
मत्तमातङ्गलक्षाणां घृतवन्तं बलं शुभम् । धन्वितं गुणिनं शुद्धं विदुषां प्रियमेव च ॥३९॥
योगिनं ज्ञानिनञ्चैव सिद्धरूपं तपस्विनम् । यशस्विनञ्च लोकेषु दातारं सर्वसम्पदाम् ॥४०॥
इत्येवमुक्त्वा सा देवी तस्मै तं बालकं ददौ । राजा चकार स्वीकारं तत्पूजार्थञ्च सुव्रतः ॥४१॥
जगाम देवी स्वर्गञ्च दत्त्वा तस्मै शुभं वरम् । आजगाम महाराजः स्वगृहं हृष्टमानसः ॥४२॥

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

मातृकाहरूमा देवसेना नामले प्रख्यात भएकी तथा उत्तम नियम पालन गर्ने म प्रकृतिको छैटौँ अंश भएकी हुनाले सारा संसारमा षष्ठी नामले प्रख्यात भएकी छु ॥२६॥ म पुत्र नभएकालाई पुत्र दिन्छु, प्रियलाई प्रियवस्तु नै दिन्छु, दरिद्रहरूलाई धन दिन्छु, तथा कर्मयोगीलाई शुभकर्म प्रदान गर्छु ॥२७॥ सुख, दुःख, डर, शोक, हर्ष, मङ्गल, सम्पत्ति, विपत्ति आदि सबै कुरा कर्मद्वारा नै हुन्छ ॥२८॥ कर्मले नै धेरै सन्तानहरू प्राप्त हुन्छन्, कर्मले नै सन्तानहीन भइन्छ, कर्मले नै रूपवान् भइन्छ भने कर्मले नै पिण्डरोगी भइन्छ ॥२९॥ कर्मले नै छोरा मर्छन्, कर्मले नै दीर्घजीवी हुन्छन्, कर्मले नै गुणवान् हुन्छन् भने कर्मले नै अपाङ्ग हुन्छन् ॥३०॥ हे राजन् ! त्यसैकारण वेदमा पनि कर्मलाई सबैभन्दा श्रेष्ठ बताइएको छ र कर्मरूपी श्रीहरिले पनि कर्मानुसार नै फल दिनुहुन्छ ॥३१॥ हे नारद ! यति भनेर ती देवीले त्यो बालकलाई लिइन् र आफ्नो महाज्ञान र लीलाले त्यसलाई जीवित बनाइन् ॥३२॥ जीवित भएर मुस्कुराइरहेको आफ्नो सुन्दर छोरालाई देखेर राजा अत्यन्त हर्षित भए र ती खुसी भएका राजालाई भगवती देवसेनाले हेरिन् अनि त्यस बालकलाई लिएर आकाशतिर जान लागिन्, यसरी जान लागेकी देवीलाई देखेर आत्तिएका राजाले भगवतीको स्तुति गरे ॥३३–३४॥ हे नारद ! राजाको स्तुतिले खुसी भएकी देवीले ती राजालाई वेदले बताएको कर्मको बारेमा भन्न लागिन् ॥३५॥ हे राजन् ! स्वयम्भु मनुका पुत्र तिमी तीनै लोकका राजा हौ अतः सबैतिर मेरो पूजा गराऊ र आफू पनि गर ॥३६॥ त्यसपछि म तिम्रो कुलको आभूषण, गुणी, ज्ञानी, नारायणको भक्त, योगी, सयौँ यज्ञ गर्ने, सम्पूर्ण क्षत्रियहरूले वन्दना गर्ने, तपस्वी, यशस्वी, सम्पूर्ण लोकलाई धन सम्पत्ति दिने, शुद्ध तथा विद्वान्हरूको प्रिय यो सुव्रत नामको बालक तिमीलाई दिनेछु ॥३६–४०॥ उत्तम नियम आचरण गर्ने राजाले देवीको यो कुरालाई स्वीकार गरे त्यसपछि भगवतीले राजालाई छोरो दिइन् ॥४१॥ त्यसपछि राजालाई शुभ वरदान दिएर भगवती स्वर्ग गइन् र राजा पनि अत्यन्त खुसी हुँदै घर आए ॥४२॥

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

आगत्य कथयामास वृत्तान्तं पुत्रहेतुकम् । सर्वे बभूवुः सन्तुष्टा नरा नार्यश्च नारद ॥४३॥
मङ्गलं कारयामास सर्वत्र पुत्रहेतुकम् । देवीञ्च पूजयामास ब्राह्मणेभ्यो धनं ददौ ॥४४॥
राजा च प्रतिमासेषु शुक्लषष्ठ्यां महोत्सवम् । षष्ठ्या देव्याश्च यत्नेन कारयामास सर्वतः ॥४५॥
बालानां शुभकार्ये च शुभान्नप्राशने तथा । सर्वत्र वर्द्धयामास स्वयमेव चकार ह ॥४६॥
ध्यानं पूजाविधानञ्च स्तोत्रं मत्तो निशामय । यत् श्रुतं धर्मवक्त्रेण कौथुमोक्तञ्च सुव्रत ॥४८॥
शालग्रामेऽथवा कुम्भे वटमूले कुड्चेऽथवा । निमित्तां संस्थापितां तां सर्वसौख्यफलप्रदाम् ॥४९॥
षष्ठांशां प्रकृतेः शुद्धां सुप्रतिष्ठां च सुव्रताम् । सुपुत्रदां च शुभदां दयारूपां जगत्प्रसूम् ॥५०॥
श्वेतचम्पकवर्णाभां रत्नभूषणभूषिताम् । पवित्ररूपां परमां देवसेनां परां भजे ॥५१॥
इति ध्यात्वा स्वशिरसि पुष्पं दत्त्वा विचक्षणः । पुनर्ध्यात्वा च शूलेन पूजयेत् सुव्रतां सतीम् ॥५२॥
पाद्यार्घ्याचमनीयैश्च गन्धधूपप्रदीपकैः । नैवेद्यैर्विविधैश्चापि फलेन शोभनेन च ॥५३॥
मूलं ॐ ह्रीं षष्ठीदेव्यै स्वाहेति विधिपूर्वकम् । अष्टाक्षरं महामन्त्रं यथाशक्ति जपेन्नरः ॥५४॥
तत्र स्तुत्वा च प्रणमेद् भक्तियुक्तः समाहितः । स्तोत्रं च सामवेदोक्तं धनपुत्रफलप्रदम् ॥५५॥
अष्टाक्षरं महामन्त्रं लक्षधा यो जपेन्मुने । स पुत्रं लभते नूनमित्याह कमलोद्भवः ॥५६॥
स्तोत्रं श्रृणु मुनिश्रेष्ठ सर्वेषाञ्च शुभावहम् । वाञ्छाप्रदं च सर्वेषां गूढं वेदे च नारद ॥५७॥

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

हे नारद ! आफ्नो घर आएर राजाले उक्त सम्पूर्ण घटना सुनाए र त्यो सुनेर सम्पूर्ण नर-नारीहरू अत्यन्त खुसी भए ॥४३॥ त्यसपछि राजाले सबैतिर यो मङ्गल पूजा गराए, भगवतीको पूजा गराएर ब्राह्मणहरूलाई धन दान गरे ॥४४॥ राजाले आफैँ पनि प्रत्येक महिनाको शुक्लपक्षको षष्ठी तिथिका दिन विधिपूर्वक षष्ठी देवीको पूजा गरे र अरूलाई पनि गराए ॥४५॥ बच्चा जन्मेको छैठौँ र एक्काईसौँ दिनमा पनि राजाले विधिपूर्वक सबैतिर यो पूजा गराए ॥४६॥ बालबालिकाको हरेक शुभकार्यमा, अन्नप्राशन (पास्नी) मा पनि सबैतिर भगवती षष्ठीदेवीको पूजा गराए, आफैँले पनि गरे र भगवतीको महिमा बढाए ॥४७॥ हे नारद ! भगवती षष्ठी देवीको यो ध्यान, पूजाविधि, स्तोत्र आदि जति पनि कथाहरू उहिले कौथुम ऋषिको मुखबाट धर्मराजले सुनेका थिए त्यो मैले तपाईंलाई भनेँ ॥४८॥ शालग्राममा, घडामा, वरको रूखको फेदमा, खोपीमा तथा अन्यत्र जहाँ पनि स्थापित गरेर प्रकृतिकी छैठौँ अंश, शुद्ध, सुप्रतिष्ठित, सबैलाई सुख प्रदान गर्ने, पुत्रदात्री, शुभफल दिने, दयालु, संसारको सृष्टि गर्ने, सेतो चम्पाफूलजस्तै वर्ण भएकी, अनेकौँ गहना लगाएकी, पवित्र, देवसेना देवीको म सेवा गर्दछु ॥४९–५१॥ यसरी ध्यान गर्दै ज्ञानीले उत्तम चरित्र भएकी भगवतीको पूजा गर्नु पर्दछ ॥५२॥ पाद्य, अर्घ्य, आचमनीय आदि विधिपूर्वक गर्दै धूप, दीप, चन्दन, अक्षता, फूल, विभिन्न प्रकारका फलफूल तथा पक्वान्न नैवेद्यहरूले भगवतीको पूजा गर्नु पर्छ ॥५३॥ **ॐ ह्रीं षष्ठीदेव्यै स्वाहा** यो अष्टाक्षरी मूल मन्त्रको विधिपूर्वक जप गर्नु पर्छ ॥५४॥ त्यहाँ सामवेदमा बताइएको भगवतीको स्तोत्र गान गर्नु र एकचित्त भई भक्तिका साथ भगवतीलाई स्तुति गर्दै प्रणाम गर्नु ॥५५॥ नारायण भन्नुहुन्छ हे नारद ! जसले यो अष्टाक्षरी महामन्त्रलाई विधिपूर्वक एक लाख पटक जप गर्छ उसले निश्चय नै छोरो प्राप्त गर्छ ॥५६॥ हे नारद ! अब सबैको मनको इच्छा पूरा गर्ने, सबैलाई शुभ फल दिने, वेदमा बताइएको, भगवतीको स्तोत्र सुन ॥५७॥

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

अथ सन्तानप्रदषष्ठीदेवीस्तोत्रम्

नमो देव्यै महादेव्यै सिद्ध्यै शान्त्यै नमो नमः । शुभायै देवसेनायै षष्ठीदेव्यै नमो नमः ॥१॥
वरदायै पुत्रदायै धनदायै नमो नमः । सुखदायै मोक्षदायै षष्ठीदेव्यै नमो नमः ॥२॥
शक्तेः षष्ठांशरूपायै सिद्धायै च नमो नमः । मायायै सिद्धयोगिन्यै षष्ठीदेव्यै नमो नमः ॥३॥
परायै पारदायै च षष्ठीदेव्यै नमो नमः । सारायै सारदायै च परायै सर्वकर्मणाम् ॥४॥
बालाधिष्ठातृदेव्यै च षष्ठीदेव्यै नमो नमः । कल्याणदायै कल्याण्यै फलदायै च कर्मणाम् ॥५॥
प्रत्यक्षायै स्वभक्तानां षष्ठीदेव्यै नमो नमः । पूज्यायै स्कन्दकान्तायै सर्वेषां सर्वकर्मसु ॥६॥
देवरक्षणकारिण्यै षष्ठीदेव्यै नमो नमः । शुद्धसत्वस्वरूपायै वन्दितायै नृणां सदा ॥७॥
हिंसाक्रोधवर्जितायै षष्ठीदेव्यै नमो नमः । धनं देहि प्रियां देहि पुत्रं देहि सुरेश्वरि ॥८॥
धर्मं देहि यशो देहि षष्ठीदेव्यै नमो नमः । भूमिं देहि प्रजां देहि देहि विद्यां सुपुजिते ॥९॥
कल्याणञ्च जयं देहि षष्ठीदेव्यै नमो नमः । इति देवीञ्च संस्तूय लेभे पुत्रं प्रियव्रतः ॥१०॥
यशस्विनञ्च राजेन्द्रः षष्ठीदेवीप्रसादतः । षष्ठीस्तोत्रमिदं ब्रह्मन् यः श्रृणोति च वत्सरम् ॥११॥
अपुत्रो लभते पुत्रं वरं सुचिरजीविनम् । वर्षमेकञ्च या भक्त्या संयतेदं श्रृणोति च ॥१२॥
सर्वपापाद्विनिर्मुक्तो महाबन्ध्या प्रसूयते । वीरपुत्रञ्च गुणिनं विद्यावन्तं यशस्विनम् ॥१३॥

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

सुचिरायुष्मन्तमेव षष्ठीमातृप्रसादतः । काकबन्ध्या च या नारी मृतापत्या च या भवेत् ॥१४॥
वर्षं श्रुत्वा लभेत् पुत्रं षष्ठीदेवीप्रसादतः । रोगयुक्ते च बाले च पिता माता श्रृणोति च ॥१५॥
मासेन मुच्यते बालः षष्ठीदेवीप्रसादतः ॥१६॥

॥ इति श्रीब्रह्मवैवर्ते महापुराणे प्रकृतिखण्डे नारायण-नारदसंवादे पुत्रदा षष्ठीव्रतपूजाकथा समाप्ता ॥

। अथ सन्तानप्रद षष्ठीदेवीस्तोत्र ।

सिद्धि प्रदान गर्ने, शान्त स्वरूप भएकी, शुभ फलदात्री, महादेवी, देवसेना षष्ठीदेवीलाई नमस्कार छ ॥१॥ वरदान दिने, पुत्र दिने, धन दिने, सुख दिने, मोक्ष दिने षष्ठी देवीलाई नमस्कार छ ॥२॥ प्रकृतिकी छैटौँ अंश, सिद्धिदात्री, महामाया, सिद्धयोगिनी षष्ठीदेवीलाई नमस्कार छ ॥३॥ सर्वश्रेष्ठ, श्रेष्ठफल दात्री, सम्पूर्ण देवीहरूकी मूल तथा सम्पूर्ण कर्मको उत्तम उपास्य षष्ठीदेवीलाई नमस्कार छ ॥४॥ बालबालिकालाई रक्षा एवं पोषण गर्ने, सम्पूर्ण कर्मको फल दिने कल्याणी, कल्याणकारी षष्ठीदेवीलाई नमस्कार छ ॥५॥ सबै कर्महरूमा सबैकी पूज्य, भक्तहरूलाई प्रत्यक्ष दर्शन दिने, स्कन्द देवकी पत्नी षष्ठीदेवीलाई नमस्कार छ ॥६॥ शुद्ध सात्विक स्वरूप भएकी, मानिसहरूकी सदैव वन्दनीय, देवताहरूको रक्षा गर्ने, षष्ठीदेवीलाई नमस्कार छ ॥७॥ हिंसा, भय, क्रोध नभएकी षष्ठीदेवीलाई नमस्कार छ, हे सुरेश्वरी ! हामीलाई धन देऊ, प्रिय पत्नी देऊ तथा पुत्र देऊ ॥८॥ हे पूज्य षष्ठीदेवी ! हामीलाई धर्म, यश, भूमि, सन्तति तथा विद्या देऊ, तिमीलाई नमस्कार छ ॥९॥ हे देवी ! कल्याण गर, विजयी बनाऊ । यसरी देवीलाई स्तुति गरेर प्रियव्रत राजाले छोरो प्राप्त गरे ॥१०॥ षष्ठीदेवीको प्रसादले

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

राजाको पुत्र अत्यन्त यशस्वी भयो । हे नारद ! जसले षष्ठीदेवीको यो स्तोत्र सुन्छ तथा प्रतिदिन पाठ गर्छ ॥११॥ पुत्रहीनले उत्तम एवं दीर्घजीवी पुत्र प्राप्त गर्छ । जुन बन्ध्या स्त्रीले एक वर्षसम्म यो स्तोत्र सुन्छिन् तिनले षष्ठीदेवीको प्रसादले महान् धर्मात्मा छोरो जन्माउँछिन्, साथै ती नारीको पुत्र वीर, गुणी, विद्यावान्, यशस्वी तथा दीर्घजीवी हुन्छ ॥१२–१३॥ जो नारीका सन्तान मरेका छन् या गर्भ रहेको हुँदैन तिनले पनि एकवर्षसम्म षष्ठीदेवीको यो स्तोत्र सुनेर देवीका प्रसादले स्वस्थ एवं दीर्घजीवी पुत्र प्राप्त गर्छिन् साथै बालबालिका रोगी एवं अस्वस्थ भएका बेलामा माता पिताले यो स्तोत्र सुने भने पनि षष्ठीदेवीका कृपाले एक महिनामा नै बालबालिका रोग मुक्त भएर स्वस्थ हुन्छन् ॥१४–१६॥

॥ यसरी ब्रह्मवैवर्तपुराणको प्रकृतिखण्डको नारायण–नारद संवाद अन्तर्गतको पुत्रदात्री षष्ठीदेवीको व्रतकथा समाप्त भयो ॥

॥ हरिः ॐ तत्सत् ॥

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

श्री छठ पूजा समिति

गुह्येश्वरी, गौरीघाट, काठमाडौं

स्थापित वि.सं.२०६२

सल्लाहकार समिति

श्री रामकुमार प्रसाद साह
श्री डा. गौरीशंकर लाल दास
श्री विदुर पौडेल
श्री सुशील नाहटा
श्री रामकृष्ण भट्ट

कार्य समिति

संयोजक: श्री रामानन्द प्र.गुप्त

सदस्यहरू

श्री ब्रजेश कुमार झा
श्री लक्ष्मण शाह
श्री मनोज शाह
श्री मुकेश शाह
श्री रामबाबु महासेठ
श्री दिनेश झा
श्री बालकुमार ठाकुर
श्री रवि दास
श्री प्रभात कुमार सिंह
श्रीमती राधा कर्ण
श्रीमती किरण श्रेष्ठ
श्री रामप्रसाद चौरसिया
श्री नविन राउत
श्रीमती निभा साह
श्रीमती अनिता शाह
श्री कमलेश कर्ण
श्री राम भुसाल
श्री रामनारायण जैसवाल
श्री बिनोद तिवारी

सम्पर्क ठेगाना

१५-खरिमार्ग, विनायकनगर,
गुह्येश्वरी, काठमाडौं
फोन: ०१-४४६६३४६
मोबाइल: ९८५११२६५६६, ९८५११०८४५४
ई-मेल: gupta.ramananda@gmail.com

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

गुह्येश्वरी, गौरीघाट, काठमाडौं